मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily


◆ वर्ष : २५ ◆ अङ्क : ७१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ १३ गते सोमवार (Monday, January 27. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



बिपीनको चर्चा चुलियो : पृष्ठ ५




## सभामुखमा सापकोटा निर्वाचित



**झापा,माघ १२।** प्रतिनिधिसभाको रिक्त सभामुखमा सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता अग्निप्रसाद सापकोटा सर्वसम्मतरुपमा निर्वाचित भएका छन् ।

प्रतिनिधि सभाको बैठकमा सभामुखको हैसियतमा रहेका ज्येष्ठ सदस्य महन्थ ठाकुरले सभामुख पदका लागि एकमात्र उम्मेद्वारको सूचना प्राप्त भएकाले प्रतिनिधिसभा नियमावली, २०७५ बमोजिम सापकोटा सर्वसम्मतरुपमा निर्वाचित भएको घोषणा गरे ।

बैठकमा सभामुखको उम्मेद्वारको सूचनासम्बन्धी प्रस्ताव प्रस्तुत गर्दै नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले पारदर्शिता र जवादेहिताका आधारमा सदनका काम कारवाहीमा जुन भूमिका निर्वाह गर्नुपर्ने हो, त्यसमा सिङ्गो संसद्लाई विश्वासमा लिएर काम गर्नुहुनेछ भन्ने विश्वासका साथ सापकोटालाई प्रस्ताव गरिएको बताए । बैठकमा उनको विकल्पमा अरू कुनै उम्मेदवारी नपर्नुले आफूहरुको चयन उपयुक्त रहेछ भन्ने देखिएको उनको भनाइ थियो ।

प्रस्तावमाथि सोही पार्टीका प्रमुख सचेतक देवप्रसाद गुरुङ र ओनसरी घर्ती तथा राष्ट्रिय जनता पार्टीका लक्ष्मणलाल कर्णले समर्थन गरेका थिए । पूर्वसभामुख घर्तीले भनिन् -सापकोटाको एकमात्र उम्मेदवारी पर्नुले सहमतिको वातावरण बनेको छ, शान्ति प्रक्रियाका बाँकी काम तथा राष्ट्रिय मामिलाका विषयमा काम गर्न सहज हुनेछ । तीन दशक लामो शैक्षिक क्षेत्रमा अनुभवका साथै जनयुद्ध र शान्ति प्रक्रियामा भूमिका निर्वाह गरेकाले सापकोटाको उम्मेदवारी उपयुक्त भएको उनले भनाइ थियो । सांसद घर्तीले सापकोटामा सांसद र मन्त्रीको समेत अनुभव छ, उहाँ राजनीतिमा इमान्दार र निष्ठावान् नेता हुनुहुन्छ । भोलिका दिनमा प्रतिनिधिसभालाई तटस्थ, सन्तुलित र जनपक्षीयरुपमा कुशल नेतृत्व दिनुहुनेछ भन्ने मेरो विश्वास छ । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका डा. मीनेन्द्रप्रसाद रिजालले सापकोटालाई सत्तारूढ दलको यथेष्ट मत रहेको र आफ्नो उम्मेदवार तोकिसकेको स्थितिमा सभामुख तटस्थ रहनुपर्ने व्यक्ति भएकाले आफ्नो पार्टीले उम्मेदवारी नदिने निर्णय संसदीय दलको बैठकले गरेको जानकारी दिए । उनले भने -आफूहरुले उपसभामुख पद पाउनका लागि सभामुखमा उम्मेदवारी नदिएको होइन । सांसद रिजालले भने - संविधानले दुई पदमा


(बाँकी अन्तिम पृष्ठमा)


### झापामा मकै जोन

## भारतबाट मकै आयात !

**बिर्तामोड, माघ १२।** खेतीका लागि उर्वर भूमि मानिन्छ झापा । झापामा धान पछिको दोस्रो उत्पादन हो मकै ।

धान खेतीका लागि झापालाई सुपरजोन घोषण गरेर उत्पादकत्व बढाउन सरकार नै लागीपरेको छ । चालू आर्थिक वर्षदेखि झापालाई मकै जोन पनि घोषणा गरिएको छ ।

झापामा लामो समयदेखि मकैको व्यावसायिक खेती हुँदै आएपनि भारतबाट आयात हुने बस्तु मध्ये मकै चौथो स्थानमा रहेको छ । नेपालमा उत्पादित मकैले मूल्य नपाएर किसान चिन्तित भइरहेको अवस्थामा पूर्वी नाका काँकरभिट्टाबाट मकै नेपाल भित्रिने गरेको छ ।

नेपाल भित्रिने वस्तु मध्ये चौथो नम्वरमा भारतीय मकै रहेको मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख भन्सार अधिकृत ध्रुबराज विश्वकर्माले जानकारी दिए । उनले भने -मेची भन्सार हुँदै लाखौं मूल्यको मकै नेपाल भित्रिने गरेको छ ।

झापामा गत वर्ष बर्खे मकै १७ लाख ६९ हजार ९ सय २८ टन तथा हिउँदे २८ हजार २१० टन उत्पादन भएको थियो । झापामा बर्खे ३६ हजार ८६० हेक्टरमा तथा हिउँदे ४ हजार ५५० हेक्टर क्षेत्रफलमा मकै खेती हुने गरेको छ ।

कृषि पेशालाई बढावा दिँदै उत्पादकत्व बढाउन सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरे पनि नेपालमा वर्षेनि मकैको वीऊदेखि तयारी मकै समेत भारतबाट ठूलो परिमाणमा भित्रिँदै आएको छ । यसका कारण नेपालको ठूलो धनराशि विदेश गइरहेको छ । झापाका अहिले व्यावसायिक मकै उत्पादन हुँदै आएपनि यहाँ उत्पादित मकैले समयमा बजार र मूल्य नपाउँदा किसान निराश छन् ।

झापालाई ‘मकै जोन’ घोषण गर्दै कनकाई नगरपालिका-५ र झापा गाउँपालिका वडा -६ मा गरी ५ सय हेक्टर क्षेत्रफलमा मकै जोन कार्यक्रम सञ्चालन गरिएको छ ।

झापास्थित जोन परियोजना कार्यान्वयन इकाईका प्रमुख रवीन्द्र सुवेदीका अनुसार मकै जोन सञ्चालनका लागि चालू वर्ष संघीय सरकारबाट १ करोड २४ लाख ६५ हजार रुपैयाँ बजेट विनियोजन भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जिल्लामा यसअघि धान सुपर जोन, सुपारी र रबर जोन कार्यक्रम सञ्चालित छन् ।

मकै खेतीका लागि चयन भएको क्षेत्रमा अध्ययन, अनुसन्धान, माटो तथा बाली संरक्षण शिविर, आकस्मिक बाली संरक्षण सेवा, प्रविधि प्रदर्शन, गोदाम घर निर्माण, कस्टम हायरिङ सेन्टर स्थापना, साना सिँचाइ, उद्यमशीलता तथा क्षमता अभिवृद्धि तालिम, प्रचारप्रसार लगायत विभिन्न १२ वटा शीर्षकमा बजेट विनियोजन भएको सुवेदीले बताए ।

जिल्लामा दाना उद्योग खुल्ने क्रम बढेकाले मकैको खपत बढी भएको हुन सक्ने प्रमुख भन्सार अधिकृत विश्वकर्माले बताए । तर, नेपालमा उत्पादित मकै दाना उद्योगले खरिद गर्न नमान्दा कृषक मारमा परेको किसानको गुनासो छ । झापामा किसानले गत वर्ष प्रति क्विन्टल ३ हजार रुपैयाँका दरले मकै बिक्री गरेका थिए ।

मानव खाद्य र पशुपक्षीको आहारका रुपमा प्रयोग हुने मकैमा झापा अझै आत्मनिर्भर हुनै सकेको छैन । यो क्रम एक दशकदेखि लगातार बढ्दो छ । खाद्यान्न बाहेक पशुपंक्षीको दाना बनाउन आवश्यक मुख्य कच्चा पदार्थ मकै हो । तर, स्वदेशी उत्पादनले मात्रै नेपालका ठूला पेलेट दाना उद्योगको माग धान्न नसक्दा यी उद्योगले भारतबाट मकै आयात गर्दै आएका छन् । मुलुकमै पर्याप्त मकै उत्पादन नहुँदा यो व्यवसायसमेत भारत लगायतका मुलुकमै निर्भर रहनु पर्ने बाध्यता रहेको उद्यमीको भनाइ छ ।

कुखुराको उमेर अनुसारको दाना बनाउँदा कम्तीमा ६० प्रतिशत हिस्सा मकै हुनैपर्छ । यस हिसाबले पनि नेपालमा उत्पादित मकैले सबै दाना उद्योग पूर्ण रुपमा चल्न सक्ने अवस्थामा नरहेको नेपाल दाना उद्योग संघका अध्यक्ष रवीन पुरीले बताए ।


(बाँकी अन्तिम पृष्ठमा)


## ३८ प्रतिशत मात्र राजश्व संकलन



**बिर्तामोड,माघ १२।** मेची भन्सार कार्यालय काँकरभिट्टाले चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा लक्ष्यको ३८ प्रतिशत मात्र राजश्व संकलन गरेको छ ।

कार्यालयले आर्थिक बर्ष २०७६/०७७ मा १३ अर्ब २४ करोड १९ लाख ९ हजार रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य लिएपनि लक्ष्य अनुरुप राजश्व संकलन गर्न नसकिएको मेची भन्सार कार्यालय झापाका प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माले बताए ।

चालू आर्थिक वर्षको ६ महिनामा कार्यालयले लक्ष्यको ३८ प्रतिशत अर्थात पाँच अर्व ६८ करोड ४१ लाख एक हजार ३ सय १० रुपैयाँ मात्र राजश्व संकलन भएको प्रमुख भन्सार अधिकृत विश्वकर्माले बताए ।

६८ औं विश्व भन्सार दिवसको अवसरमा कार्यालयमा आइतवार आयोजित कार्यक्रममा बोल्दै उनले पछिल्लो समय भारत लगायत तेस्रो देशबाट सामान आयात घटेको र निर्यात बढेकाले लक्ष्य अनुसार राजश्व संकलन गर्न नसकिएको बताए । उनले १०.६४ प्रतिशतले आयात घटेको र १७ प्रतिशतले निर्यात बढ्दा लक्ष्य प्राप्ति


(बाँकी अन्तिम पृष्ठमा)


## कोरोना भाइरस प्रतिरक्षा गर्न माग

**झापा, माघ १२।** प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोना भाइरसबाट नेपाल उच्च जोखिममा रहेको भन्दै नेपालीको सुरक्षाका लागि गम्भीरतापूर्वक आवश्यक व्यवस्थापन गर्न सरकारसँग माग गरेको छ ।

चीनको बुहाई प्रान्तको राजधानी उहानबाट फैलन शुरु भएको कोरोना भाइरस आधा दर्जन मुलुकमा फैलिसकेको छ । उहान शहरमा विभिन्न विश्वविद्यालय, शिक्षण संस्थामा अध्ययनरत् नेपाली विद्यार्थी र त्यहाँ रहेका नेपाली व्यवसायीसमेत जोखिममा रहेकाले उनीहरुलाई सुरक्षित तरिकाले यथाशीघ्र उद्धारका लागि आवश्यक व्यवस्था गर्न काँग्रेस संसदीय दलले आग्रह गरेको हो ।

महामारीका रुपमा फैलिन सक्ने कोरोना भाइरस फैलिन नदिन आवश्यक सुरक्षा व्यवस्था तथा सङ्क्रमित व्यक्तिको उचित उपचारको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउँछौं- नेपाली कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाँणद्वारा आइतवार जारी विज्ञप्तिमा उल्लेख छ ।

## दूग्ध उद्योगमा युवाको लगानी बढ्यो

**झापा, माघ १२।** इलाम नगरपालिका-८ का मिलन खत्रीले २०७४ सालमा सेतो पहाड नामक डेरी उद्योग स्थापना गरे । विद्यार्थी राजनीतिमा सक्रिय खत्रीले शुरुमा रु. एक लाख ५० हजारको लागतमा स्थापना गरेको उद्योगमा हाल रु. एक करोड ३० लाख लगानी भइसकेको छ ।

स्थापनाका समयमा करिब १०० लिटरसम्म दूध प्रशोधन गर्न थालेका खत्रीले हाल दैनिक एक हजार ६०० लिटर दूध सङ्कलन र प्रशोधन गरिरहेका छन् । दूध थपिएसँगै लगानीसमेत बढेको छ- उनले भने । खत्री हाल जिल्लामा नै क्रियाशील युवा व्यापारीमा गनिन थालेका छन् । युवा अवस्थामा नै उनले राम्रो मेहनतसँगै प्रतिफलसमेत हात पारिरहेका छन् ।

मासिक दुई हजार किलोभन्दा माथि छुर्पी र एक हजार ८०० किलो घ्यू उत्पादन हुने गरेको उनले बताए । त्यस्तै बम्बैसन, ललिपप लगायतका मिठाइका परिकारसमेत उत्पादन हुने उनले जानकारी दिए । व्यवसायी खत्रीले अन्य साना ३० भन्दा बढी डेरी उद्योगबाट उत्पादित घ्यू र छुर्पी खरिद गर्दै आएका छन् । खत्रीले आफ्नो उद्योगमा प्रत्यक्षरुपमा २१ जनालाई रोगजारी दिएका छन् भने अप्रत्यक्षरुपमा १४० जनाले रोजगारी पाएका छन् ।

इलाम दूध उत्पादनमा अग्रणी जिल्लाका रुपमा परिचित छ । यहाँ धेरै डेरी उद्योगसमेत सञ्चालनमा छन् । उमेरले कलिलै भए पनि यहाँ प्रायजसो युवाको


(बाँकी अन्तिम पृष्ठमा)


## जलथल जंगलमा हात्ती मृत फेला

**भद्रपुर, माघ १२।** झापाको जलथल जङ्गलमा एउटा हात्ती मृत अवस्थामा फेला परेको छ ।

कचनकवल गाउँपालिका -३ साबिक पथरिया -७ स्थित अभिमुक्तेश्वर सामुदायिक वनमा जङ्गली हात्ती मृत अवस्थामा भेटिएको हो । सो सामुदायिक वन चारकोशे जलथल जङ्गलभित्र पर्छ ।

१२ फिट लम्बाइ ८ फिट २ इन्च उचाइ भएको हात्ती कुहिएर गन्हाएको अवस्थामा फेला परेको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

शनिवार बेलुका दाउरा टिप्न गएका स्थानीयले जङ्गलमा मृत अवस्थामा हात्ती देखेपछि सामुदायिक वन समितिका पदाधिकारीलाई जानकारी गराएको समितिका अध्यक्ष गिरिराज नेपालले बताए ।

जङ्गलमा भेटिएको हात्ती आफैं मरेको वा मारिएको विषयमा अहिले केही भन्न नसकिने र यस विषयमा अनुसन्धान


(बाँकी अन्तिम पृष्ठमा)


## बिर्ता सिटीमा सडक दुर्घटनाका घाइतेको उद्धार

■ **लक्ष्मण ढकाल**



**बिर्तामोड, माघ १२ ।** झापामा निकै ठूलो दुर्घटना भएको आभाष हुने गरी बिर्तामोडस्थित बिर्ता सिटी हस्पिटलमा भिडभाड थियो । एम्बुलेन्सको ताँती थियो भने, डाक्टर आ-आफ्नै काममा ब्यस्त । प्रहरी पनि बिरामीको उद्धार र ब्यवस्थापनमा खटिएका थिए । दृश्य हेर्दा लाग्थ्यो ठूलै दुर्घटना भएको छ आज ।

डाक्टरहरु कोही घाइतेलाई श्वासप्रश्वास अवरुद्ध हुदाँ मुटु सञ्चालन गर्न गरिने सिपिआर पद्धतिले उपचार गरिरहेका थिए भने कोही डाक्टर दुर्घटनामा परेर स्पाइनल एन्जुरीका बिरामीलाई ब्यवस्थापन गरेर एम्बुलेन्समा राख्दै थिए ।

तर, वास्तविकता भने अर्कै थियो । दिनहुँजसो दुर्घटनामा मानिसले ज्यान गुमाई रहेका बेला उद्धारमा सबैभन्दा पहिला पुग्ने प्रहरी, त्यस लगत्तै पुग्ने एम्बुलेन्सका चालकहरुलाई कसरी मानवीय क्षति कम गर्न सकिन्छ भनेर गरिएको प्रयोगात्मक अभ्यास थियो त्यो ।

पूर्ण-टुङ्ग बिर्ता सिटी हस्पिटल र एम्बुलेन्स चालक संघ झापाको संयुक्त आयोजनामा अस्पतालको निर्माणाधीन परिसरमा शनिवार आयोजित कार्यक्रममा विभिन्न विषयका विज्ञ डाक्टरहरुले दुर्घटनासँग जोडिएका ब्यक्ति तथा संस्थाका लागि सैद्धान्तिक र ब्यावहारिक प्रशिक्षण दिने क्रममा यस्तो अभ्यास गरिएको थियो ।

प्रशिक्षणको पहिलो सत्रमा डाक्टरहरु दिग्गज श्रेष्ठ,विजय केसी, पुष्पक रेग्मी र अनिल रेग्मीले सहभागी प्रशिक्षार्थीहरुलाई दुर्घटनाका घाइतेहरुलाई उपचार स्थलसम्म पुर्‍याउन अपनाउनु पर्ने सावधानी र भूमिकाका बारेमा प्रशिक्षण दिएका थिए । जनपद र ट्राफिक प्रहरीहरु दुर्घटना स्थलका पहिलो उद्धारक र स्वयम्सेवक हुने भएकाले उनीहरुलाई समेत प्रशिक्षणमा सहभागी गराइएको आयोजकले जनाएको छ ।

सैद्धान्तिक विषयमा न्यूरो सुपर भाइजर


(बाँकी अन्तिम पृष्ठमा)



**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ १२ र १३ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**

बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी सेवा

**सञ्जीवनी अस्पताल प्रालि**

बिर्तामोड-१, झापा (०२३-५४४२६०)



नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो. तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- ८३४३०७८४५४/८३४८४७३०१७
इण्डिया, ९८४०१६४४५३ नेपाल

# वीरता जेसीजको अध्यक्षमा मिजास



*अध्यक्षमा निर्वाचित भएपछि पोखरेलाई अंकमाल गर्दै उपबिजेता खड्का :*

**बिर्तामोड, माघ १२ ।** वीरता जेसीजको वर्ष २०२० को अध्यक्षमा मिजास पोखरेल निर्वाचित भएका छन् ।

वीरता जेसीजको ३९ औं साधारण सभाको बन्दसत्रमा भएको निर्वाचनमा पोखरेल ३९ मत प्राप्त गर्दै विजयी भएको वीरता जेसीजका निवर्तमान अध्यक्ष तथा निर्वाचन अधिकृत एकराज गिरीले जानकारी दिए । वीरता जेसीजको वर्ष २०२० का लागि अन्य पदमा सर्वसम्मत भए पनि अध्यक्ष पदमा सर्वसम्मत नभएपछि निर्वाचन प्रक्रियाद्वारा नेतृत्व चयन गरिएको थियो । अध्यक्ष पदमा मिजास पोखरेल र जीवनकुमार खड्काबीच प्रतिस्पर्धा भएको थियो ।

अध्यक्षमा पोखरेलले ३९ मत प्राप्त गरी बिजयी भएका थिए भने उपबिजेता खड्काले १९ मत प्राप्त गरेका थिए । निर्वाचनमा ६२ जना मतदातामध्ये ५९ मत खसेको थियो भने एक मत बदर भएको निर्वाचन अधिकृत गिरीले जानकारी दिए ।

निर्वाचन सम्पन्न गर्न गिरीको संयोजकत्वमा अधिवेशन निर्देशक राजेन्द्र चौंलागाई र पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो । वीरता जेसीजको वर्ष २०२० का लागि कार्यकारिणी उपाध्यक्षमा घनश्याम चौधरी, प्रवेश बस्नेत, संयुक्त सचिवमा युवराज कुँवर, उपाध्यक्षहरुमा अनन्तलाल महतो, टीकाराम खतिवडा, कमल श्रेष्ठ, प्रभात मास्के, जनसम्पर्क अधिकारी पुकार बराल, तालिम आयुक्त लोकचन्द्र श्रेष्ठ (एलसी), प्रकरण निर्देशकमा अमरजित साह निर्विरोध निर्वाचित भएका थिए ।

कार्यक्रममा वीरता जेसीजका निवर्तमान अध्यक्ष विशाल थापाले नवनिर्वाचित समितिलाई बधाई तथा शुभकामना दिएका थिए भने निर्वाचित अध्यक्ष पोखरेलले प्रतिबद्धतासहितको मन्तव्य व्यक्त गरेका थिए । पोखरेलले वर्ष २०२० मा वीरता जेसीजलाई नमूना जेसीज बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यस्तै उपबिजेता खड्काले निर्वाचित अध्यक्ष पोखेलसहितको टीमलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन निर्वाचन अधिकृत गिरीले गरेका थिए ।

# बाह्रदशीमा कुष्ठरोगीलाई सम्मान

**बिर्तामोड, माघ १२।** कुष्ठरोग प्रभावित अपाङ्ग भएका व्यक्तिले नै कुष्ठरोगीका विरामी खोजतलासमा सहयोग पुऱ्याएको भन्दै बाह्रदशी गाउँपालिकाले गाउँपालिका भित्र रहेका ५ जना कुष्ठरोगीलाई सम्मान गरेको छ ।

आफू कुष्ठरोगका कारण शारीरिक अपाङ्गता भएर पनि कुष्ठरोगका बिरामीलाई पहिचान गर्दै औषधि उपचार गर्न स्वास्थ्य संस्थासम्म ल्याएर समाजमा उदाहरणीय कार्य गरेको भन्दै उनीहरुलाई गाउँपालिकाले सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा बाह्रदशी गाउँपालिका -३ का गोपाल खड्का, बाजिदिन मिया, बाह्रदशी -२ निवासी समारु मिया, अग्निधर बजगाई र वडा नं. -१ निवासी हाजिरा खातुन रहेको स्वास्थ्य शाखा प्रमुख रामकुमार साहले जानकारी दिए ।

बाह्रदशी गाउँपालिकामा नियमित औषधि सेवन गर्ने आठ जना कुष्ठरोगी छन् । सम्मानितहरुले आफ्नो टोल र समुदायमा रहेका कुष्ठरोगीलाई स्वास्थ्य चौकी राजगढसम्म ल्याएर औषधि उपचारमा सहयोग पुऱ्याएको स्वास्थ्य शाखा प्रमुख साहले बताए । गाउँपालिकाले ६६ औं विश्व कुष्ठरोग तथा अपाङ्ग दिवसको अवसरमा आइतवार बाह्रदशी -



३ मा रहेको राजगढ स्वास्थ्य चौकीमा कार्यक्रममा गरेको थियो । सो कार्यक्रममा स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष यादवप्रसाद मिश्रसहित जनप्रतिनिधि, स्थानीयवासी, समाजसेवी, विद्यार्थीहरुको समेत सहभागिता रहेको थियो । कार्यक्रमअघि कृष्ठरोग बेलैमा पत्ता लगाएर औषधि उपचार गरे निको हुन्छ भन्दै प्लेकार्डसहितको ऱ्यालीले राजगढ बजार परिक्रमा गरेको थियो ।

ऱ्यालीपछि आयोजित कार्यक्रममा डाँगीवारी स्वास्थ्य चौकी प्रमुख हेमन्त लामिछाने, कुष्ठरोग प्रभावित अपाङ्ग समूहका अध्यक्ष गोपाल खड्का लगायतले बोलेका थिए ।

सन् २००९ मा नेपाललाई कुष्ठरोग निवारण घोषणा गरिएको थियो । तर, झापामा अझै पनि एक सय ६६ जना कुष्ठरोगी रहेको स्वास्थ्य कार्यालय झापाका कार्यक्रम संयोजक जीवन चम्लागाईले जानकारी दिए ।

सन् २०२० भित्र नेपाललाई कुष्ठरोगमुक्त बनाउने सरकारले घोषणा गरेको छ । सोही अनुरुप अहिले जिल्ला जिल्ला र पालिकाहरुमा विभिन्न कार्यक्रमहरु भइरहेको बताइएको छ । झापामा सबैभन्दा धेरै कुष्ठरोगी झापा गाउँपालिकामा छन् भने कचनकवल, कमल, बाह्रदशी गाउँपालिका र दमक तथा मेचीनगर नगरपालिकामा समेत कुष्ठरोगीहरुको संख्या उच्च रहेको कार्यक्रम संयोजक चम्लागाईले बताए ।

यता नेपालमा २०६६ माघ ५ गते राष्ट्रियस्तरमा कुष्ठरोग निवारण घोषणा भए पनि १७ जिल्लामा अझै निवारण नभएको स्थिति छ । निवारण भन्नाले प्रति १० हजार जनसङ्ख्यामा एकभन्दा कम बिरामी भएको अवस्थालाई बुझिन्छ ।

सरकारले सन् २०२० को अन्तसम्म सम्पूर्ण जिल्लामा कृष्ठरोग निवारण गर्ने लक्ष्य लिएको छ । तराईका झापा, मोरङ, उदयपुर, बारा, धनुषा, महोत्तरी, पर्सा, रौतहट, सर्लाही, सिराहा, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी पश्चिम, रुपन्देही, कैलाली र अछाम कुष्ठरोगको प्रकोप दर एकभन्दा बढी भएका जिल्ला हुन् ।

विगत नौ वर्षको तथ्याङ्क हेर्दा वार्षिक तीन हजारको हाराहारीमा कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

महाशाखाले ६७ औं विश्व कुष्ठरोग दिवसका अवसरमा आइतवार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा गत आर्थिक वर्षमा तीन हजार दुई सय ८२ कुष्ठरोगका नयाँ बिरामी पत्ता लागेको जानकारी दिइयो ।

## ३८ प्रतिशत ...

हुन नसकेको जानकारी दिए ।

पूर्वी नाका काँकरभिट्टा हुँदै सबैभन्दा बढी पेट्रोलियम पदार्थ नेपाल भित्रिने गरेको छ भने सबै भन्दा बढी यो नाका भएर अलैंची निर्यात हुने गरेको छ ।

यसैबीच कार्यालयले विश्व भन्सार दिवसको अवसर पारेर आइतवार नै काँकरभिट्टामा प्रभातफेरीको आयोजना गरेको छ । मेची भन्सार कार्यालयबाट शुरु भएको ऱ्यालीले काँकरभिट्टा बजार परिक्रमा गरेको थियो । ऱ्यालीपछि कार्यालयमा आयोजित कार्यक्रमकाबीच कार्यालयका उत्कृष्ट कर्मचारीसहित भन्सार एजेन्टलाई सम्मान गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी उदय राना मगरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कर्मचारी ननुका पोखरेल, नवराज अधिकारी, देवी भण्डारी भन्सार एजेन्ट नरेन्द्रकुमार कार्की, नेपाल आयल निगम चारआलीका बलकुमार कटुवाललाई सम्मान गरिएको थियो । त्यस्तै भन्सार विभागका तर्फबाट भन्सार अधिकृत रामप्रसाद भट्टराई, उद्धवप्रसाद दाहाल र भन्सार एजेन्ट कृष्णकान्त खनियालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य केशवराज पाण्डे, प्रमुख जिल्ला अधिकारी मगर, भन्सार कर्मचारी खड्गवहादुर माझी लगायतले बोलेका थिए ।

## भारतबाट ...

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार सन् २००९ जुलाईदेखि २०१९ जुनसम्मको एक दशकको अवधिमा नेपालमा ७१ अर्ब २१ करोड रुपैयाँबराबरको दुई अर्ब ९२ करोड ६५ लाख मेट्रिक टन मकै आयात भएको छ ।

अझ पछिल्ला वर्षमा वार्षिक १२ अर्ब रुपैयाँसम्मको मकै आयात हुने गरेको देखिएको छ । सबैभन्दा बढी मकै भारतबाट आउने गरेको छ । त्यसपछि अर्जेन्टिना, ब्राजिल, बंगलादेश, म्यानमार, युएई, अमेरिका, चीनलगायतका देशबाट मकैको आयात हुने गरेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

नेपालमा मकैको उत्पादकत्व प्रतिहेक्टर औसतमा २.६९ मेट्रिक टन रहेको छ । यो दक्षिण एसियाली अन्य मुलुकको दाँजोमा न्यून उत्पादकत्व हो । सार्क कृषि केन्द्रबाट सन् २०१७ मा प्रकाशित एक प्रतिवेदनले बंगला देशमा सबैभन्दा बढी ६.९ मेट्रिक टन प्रतिहेक्टर उत्पादकत्व रहेको जनाएको छ ।

पाकिस्तान ४.३ मेट्रिक टन, श्रीलंका ३.४ मेट्रिक टन, भुटान तीन मेट्रिक टन र भारत तथा नेपाल साढे दुई मेट्रिक टन प्रतिहेक्टर उत्पादकत्व रहेको मुलुकमा पर्छन् । तर, भारतमा सार्क क्षेत्रकै सबैभन्दा बढी भूभाग करिब ७९ प्रतिशत क्षेत्रफलमा मकै खेती हुने गरेको उल्लेख छ ।

कृषि तथा सहकारी मन्त्रालयको सन् २०१७/२०१८ को तथ्यांकअनुसार मुलुकको करिब नौ लाख ५४ हजार एक सय ५८ हेक्टरमा गरिएको मकै खेतीबाट २५ लाख ५५ हजार आठ सय ४७ मेट्रिक टन मकै उत्पादन भएको छ । यो हिसाबले पनि नेपालमा उत्पादित मकैले प्रतिव्यक्ति प्रतिदिन मकैको उपलब्धता ९८ ग्रामलाई पूरा गर्नसमेत अपुग हुने देखिन्छ । मुलुकमा फलेको सबै मकैलाई पशु आहारा र अन्य प्रयोजनमा नल्याई सबै नेपालीले यही परिमाणमा मकैलाई खाद्यको रुपमा उपयोग गरेको खण्डमा समेत ६ लाख मेट्रिक टन अपुग हुन जाने तथ्यांकले देखाएको छ ।

कुखुराको दाना उद्योगको वार्षिक माग साढे ६ लाख मेट्रिक टन थपिँदा मकैमा परनिर्भरता घट्नुको साटो बढ्दै गएको बताइन्छ । नेपालमा अहिले एक सय पाँचवटा दाना उद्योग छन् । दैनिक उत्पादन क्षमता १० हजार मेट्रिक टन भए पनि हाल तीन हजार टनमात्रै उत्पादन हुँदै आएको छ । यही हिसाबले पनि हाल दाना उद्योगलाई दैनिक एक हजार आठ सय मेट्रिक टन मकै आवश्यक हुने गरेको छ ।

उत्पादित मकैको ८० प्रतिशत खपत पशुपंक्षीको आहारामा हुने गरेको एक अध्ययनले देखाएको छ । यसमध्ये ब्रोइलरको दानामा ६५ प्रतिशतसम्म खपत हुने गरेको छ । नेपालमा वर्षेनि कुखुराको दानाको माग ११ प्रतिशतका दरले वृद्धि भइरहेको छ । यस्तै, कुखुरापालन व्यवसाय पनि बर्षेनि करीब नौ प्रतिशतले वृद्धि भइरहेको छ । आगामी दशकसम्ममा नेपालको कुखुरापालन व्यवसाय हालको भन्दा तीन गुणाले बढ्ने विज्ञहरुले अनुमान गरेका छन् । राष्ट्रिय कृषि गणना २०६८ ले समेत मकै बालीमा १२ प्रतिशतले उत्पादन क्षेत्र घटेको देखाएको छ । खेती किसानीमा लाग्ने उमेरका युवा विदेशिने क्रम बढेपछि खेती पनि हुन छाडेको छ । गाउँमा भएकै किसानले समेत मकै खेतीमा जाँगर चलाउनै छाडेका देखिन्छ ।

झापामा २०६२/०६३ साततिर झण्डै ४० हजार हेक्टरको हाराहारीमा गहुँ खेती हुने गरेकोमा अहिले न्यून मात्रामा मात्रै गहुँ खेती हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा ९८ हजार ७ सय १६ हेक्टर खेतीयोग्य जमिन रहेको भएपनि करिब ९० हजार हेक्टर भूमिमा खेती हुदै आएको जनाइएको छ ।

जिल्लाको खेती हुँदै आएको जमिनको कूल क्षेत्रफल मध्ये करिब ३२ हेक्टर क्षेत्रफलमा मात्र सिंचाईको सुविधा रहेको बताइएको छ ।

## सभामुखमा....

फरक फरक पार्टीका उम्मेदवार हुनुपर्ने उल्लेख गरेकाले त्यसमा सत्तापक्षले नै विचार गर्ला तर हामी उपसभामुखका लागि हातमा कमण्डलु लिएर हिँडेका छैनौं । सभामुखका उम्मेदवारका बारेमा उत्पन्न आशङ्का मेट्न भोलिका दिनमा आश्वस्त हुने गरी काम गर्न सक्नुहोस् । हामी सहयोग गर्न तयार छौं । डा. रिजालले व्यक्तिका विषयमा काँग्रेसको समर्थन र विरोध नरहेको पनि स्पष्ट गर्दै विधिको शासन र लोकतान्त्रिक चरित्रका आधारमा जनता र संसद् सदनप्रति उत्तरदायी हुनुपर्छ भन्नेमा ध्यानाकर्षण गराएका थिए ।

ज्येष्ठ सदस्य ठाकुरले बैठकमा निर्वाचित भएकोमा सापकोटालाई बधाई दिए । यही माघ ६ गतेको प्रतिनिधिसभाको बैठकले आइतवारका लागि निर्वाचनको मिति निर्धारण गरेको थियो । सो दिनको बैठकमा उपसभामुख शिवमाया तुम्बाहाङ्फेले दिएको राजीनामाबारे बैठकलाई जानकारी दिएकी थिइन् ।

तत्कालीन सभामुख कृष्णबहादुर महराले महिलामाथि यौन दुर्व्यवहारको आरोपपछि गत असोज १५ गते पदबाट राजीनामा दिएका थिए । प्रतिनिधिसभाको अर्को बैठक यही माघ १४ गते दिउँसो १ बजे बस्नेछ ।

## दूग्ध...

आकर्षण बढ्दै गएको छ । सानो लगानीमा स्वरोजगार हुने माध्यम बनेपछि डेरी उद्योगमा वर्षेनि युवाको लगानी थपिँदै गएको हो । देउमाई नगरपालिका-४ का अशेष बुढाथोकीले विदेशबाट फर्किएर डेरी उद्योग स्थापना गरे । तल्लो बुधवारेमा उनले गजुरमुखी दर्शन डेरी उद्योग सञ्चालन गरेका छन् ।

विसं. २०७४ मा स्थापना गरिएको डेरीमा शुरुमा रु. ३० लाख लगानी भएको उनले बताए । बुढाथोकीको उद्योगमा हाल रु. ६० लाख माथि लगानी भइसकेको छ । उनले करिव २५० किसानले उत्पादन गरेको दूध सङ्कलन गरिरहेका छन् । दैनिक ७०० लिटरभन्दा बढी दूध सङ्कलन भइरहेको उनले बताए । कहिले धेरै कहिले थोरै यस्तै हो दूध सङ्कलन -उनले भने- किसानका गाईभैंसी लैनो हुँदा धेरै र बकेर्नो हुँदा कम दूध सङ्कलन हुन्छ । त्यसबाट मासिक एक हजार ५०० किलो छुर्पी र सोही हाराहारीमा घ्यू उत्पादन हुने गरेको उनले जानकारी दिए ।

सो उद्योगमा उत्पादन गरेको छुर्पी अमेरिका निर्यात हुन्छ भने घ्यू नेपाली बजारमा नै बिक्री हुँदै आएको छ । उनको डेरी उद्योगमा १५ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । हाल इलाममा ५ सय ५० डेरी उद्योग सञ्चालनमा रहेका घरेलु तथा साना उद्योग शाखा कार्यालय इलामले जनाएको छ ।

बिशेष गरेर वैदेशिक रोजगारीबाट फर्किएका युवाले व्यवसाय गर्न थालेकाले इलाममा डेरी उद्योगमा लगानी बढेको बताइएको छ । समग्र जिल्लामा दर्ता भएका डेरी उद्योग युवाकै नाममा दर्ता भएका पाइएका छन् ।

आर्थिक वर्ष ०७५/०७६ मा ९१ डेरी उद्योग दर्ता भएका थिए । ती उद्योगमा रु. ११ करोड २७ लाख १६ हजार लगानी भएको घरेलु तथा साना उद्योग कार्यालयका सूचना अधिकारी युवराज घोर्साइँले जानकारी दिए । एउटा डेरी उद्योगमा रु. एक लाख ५० हजारदेखि एक करोड ५० लाखसम्म लगानी हुने गरेको छ । सबैभन्दा बढी देउमाई नगरपालिकामा एक सय चारवटा डेरी उद्योग सञ्चालनमा छन् ।

## बिर्ता....

रोशन प्रसाई र म्याट्रन ऐरिस सेठ्ठी प्रसाई राधाले समेत घाइतेको स्याहार र उपचारको बारेमा प्रशिक्षण दिएका थिए । प्रशिक्षण कार्यक्रमको शुभारम्भ डाक्टर सीपी लिम्बू र इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी सहायक निरीक्षक सकिल चौधरीले दीप प्रज्ज्वलन गरी गरेका थिए ।

आधारभूत प्राथमिक प्रशिक्षण उपचार कार्यक्रमका रुपमा आयोजित प्रशिक्षणमा जिल्लाका ४० भन्दाबढी एम्बुलेन्स चालकसहित ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा अस्पताल सञ्चालक समितिका सदस्य देउकुमार थेवेले बढ्दो दुर्घटना न्यूनीकरण गर्न र घाइतेहरुलाई प्राथमिक सेवा कुशलता पूर्वक गर्न प्रशिक्षण सहयोगी हुने भन्दै यसले मानवीय क्षति कम गर्ने विश्वास व्यक्त गरे ।

त्यस्तै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी नायब निरीक्षक चन्द्रबहादुर राउतले ट्राफिक र प्रहरीको भूमिका प्राथमिक उद्धारकर्ताको रुपमा अग्रणी रहेको भन्दै प्रशिक्षण अत्यन्त उपयोगी भएको बताए । आफूहरुले समेत यो तालिमबाट घाइतेका ब्यवस्थापनका विषयमा ज्ञान पाएको भन्दै उनले सडक दुर्घटनाबाट हुने मृत्युदर कम गर्न सकिने बताए ।

अस्पतालका मेडिकल डाइरेक्टर डाक्टर अनिल बस्नेतले धन्यवाद ज्ञापन गरेको कार्यक्रममा एम्बुलेन्स चालक संघका केन्द्रीय सदस्य जयबेन्द्रकुमार सिंह लगायतले बोलेका थिए । कार्यक्रमको औचित्य र महत्वको बारेमा डाक्टर पुष्पक रेग्मीले जानकारी सहित सहजीकरण गरेको कार्यक्रमको सञ्चालन अस्पतालका प्रशासक विनोद बस्नेतले गरेका थिए ।

प्रदेश-१ का १४ जिल्लामा दिनहुं हुने दुर्घटनामा दैनिक दुई जनाभन्दा बढीले ज्यान गुमाउने गरेको प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

अधिकांश दुर्घटनामा मोटर साइकलमा सवार व्यक्ति पर्ने गरेको प्रहरीले जनाएको छ । तीब्र गति, ओभरटेक, चालकको लापरबाही, सडकको दुरावस्था लगायतका कारण दिनहुँ जसो दुर्घटना बढी रहेका बेला झापामा नै पहिलोपटक अस्पतालले एम्बुलेन्स चालक, जनपद र ट्राफिक प्रहरीलाईसमेत प्राथमिक उपचारको बारेमा प्रशिक्षण दिएको हो । दुर्घटनामा परेर उचित ब्यवस्थापन गर्न नसक्दा धेरैले अकालमा नै ज्यान गुमाउनु परेको भन्दै अस्पतालले मानवीय क्षति कम गर्ने उद्देश्यले प्रयोगात्मक अभ्याससहितको सचेतनामूलक कार्यक्रम गरेको बताइएको छ ।

## जलथल...

भइरहेको डिभिजन वन कार्यालय झापाका प्रमुख विष्णुलाल घिमिरेले बताए । 'हात्तीको दारा छैन, त्यसैले यो पोथी हात्ती हुन सक्छ' -उनले भने- 'हात्ती मरेको विषयमा आजै समितिबाट जानकारी आएको हो, हात्तीको छाला र हड्डी परीक्षणका लागि विधि परीक्षण प्रयोगशाला पठाउने छौं ।' परीक्षण रिपोर्ट आएपछि मात्र केही भन्न मिल्ने उनको भनाइ छ । 'हात्तीको हड्डी भएको टाउकोको भाग वन कार्यालय ल्याएको र मृतक हात्तीलाई त्यही पुरिदिएका छौं- घिमिरेले भने ।'

जङ्गलमा मृत अवस्थामा भेटिएको हात्ती २० देखि २५ दिन अघि मरेको हुन सक्ने पशु विकास अधिकृत विशाल पोखरेलले जानकारी दिए । मृतक हात्ती भाले वा पोथी भन्ने खुलेको छैन । हात्तीको उमेर अन्दाजी ३५ वर्ष माथि हुन सक्ने उनको भनाइ छ । जलथल जङ्गलमा आठ महिना अघि पनि एउटा छावा जङ्गली हात्तीको मृत्यु भएको थियो । साबिक जलथल गाविस १ हाल हल्दिवारी -३ स्थित रनकाली सामुदायिक वनभित्र छावा जङ्गली हात्तीको करेन्ट लागेर मृत्यु भएको थियो ।


**आवश्यकता**

अर्जुनधारा नगरपालिकाभित्र धान मिल (कुटानी, पिसानी) सञ्चालन गर्न सक्ने अनुभवी र इच्छुक महानुभावले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८४२६७५०५१

**कपडा पसल विक्रीमा**

बिर्तामोडको मुटुमा रहेको हनुमान कम्प्लेक्सको दोस्रो तलामा चालू अवस्थामा रहेको लेडिज फेन्सी कपडा पसल तु-विक्रीमा छ ।
सम्पर्कः ९८०१०६५०१३,

**कर्मचारी तु-आवश्यकता**

यस प्राइट होटल एण्ड लजका लागि केही कर्मचारी तु-आवश्यकता परेको हुँदा इच्छुक महानुभावहरुले तु-सम्पर्क गर्नुहोला ।
कुक : केही
वेटर : केही
सम्पर्क : ९८५२६६३२६६
मेचीनगर -६ काँकरभिट्टा

**बिक्रीमा**

झापा बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङस्थित ब्लड बैंक नजिकै १३ धुर कमर्सियल जग्गामा बनेको एक तल्ले नयाँ र आकर्षक घर तु-विक्रीमा छ । इच्छुक महानुभावहरुले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नम्बरः ९८४१८७१५७९, ९८१४९८४४४०

**अब दैनिक भिडियो एक्स-रे सेवा**

हाम्रा अन्य दैनिक सेवाहरुः
ओपीडी सेवा
डिजिटल एक्स-रे सेवा
प्याथोलोजी (Lab) सेवा
फार्मेसी सेवा
अर्जुनधारा डाइग्नोनिष्टक सेन्टर
अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)
सम्पर्कः ०२३-४६५०९७, मो. ९८४२६२३३७३, ९८०६०६२०१०

**कर्मचारी तु-आवश्यकता**

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।
तलबः ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुग्ने) समयः ९:३० सम्म लाग्ने
सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**सूचना**

- निर्धारित मोलभन्दा बढी मोल लिई मालवस्तु विक्री गरी कालोबजारी गर्ने, अत्यधिक मुनाफा लिने, मालवस्तुको विचलन, जम्माखोरी तथा कृत्रिम अभाव सृजना गर्ने, झुक्याई विक्री वितरण गर्ने जस्ता गैरकानूनी क्रियाकलापहरु नगरौं र नगराऔं ।
- सार्वजनिक यातायातमा स्वच्छ प्रतिस्पर्धा कायम गरौं । आपसी सम्झौताका आधारमा आलोपालो प्रणाली (सिण्डिकेट) लगाई उपभोक्ताहरुलाई ठगी गर्ने काम बन्द गरौं र गराऔं ।
- सबै सामानहरुको अद्यावधिक मूल्य सूची पसलमा राखौं र तोकिएको मूल्यभन्दा बढी मूल्य नलिऔं । उपभोक्ताहरुले मूल्य सूची राखे नराखेको हेरी मूल्य भिडाई मात्र सामान खरिद गर्ने बानी बसालौं ।
- कमसल तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तुको उत्पादन, विक्री वितरण नगरौं र नगराऔं । उपभोक्तालाई झुक्याउने गरी वस्तुको नक्कल गर्ने, निम्नस्तरको वस्तु वा सेवालाई उच्चस्तरको भनी ढाँट्ने वा झुक्याउने, झुट्टा वा भ्रमात्मक प्रचारप्रसार गर्ने काम नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

**घरजग्गा बिक्रीमा**

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर विक्रीमा छ ।
किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नम्बरः ९८४४६४२०९५, ९८१७९९०२९९

**Wanted**

A Reputed English Medium School is looking for a **Computer Teacher** for lower secondary Level.
*Qualified and interested candidates can apply for the post .*
***For Further details Contact:***
**Little Angel's English School**
***Bitamode-5, Jhapa***
***Phone No: 023-543995, 9844695652***

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## कोरोनाको त्रास र सचेतना


चीनमा एकचालीस जनाको कोरोना भाइरसका कारण मृत्यु भएको छ । चीनको बुहानबाट शुरु भएको कोरोना भाइरस विश्वका बाह्रवटा देशमा फैलिएको छ । यसको त्रास नेपालसम्म आइपुगेको समाचारले नेपाली जीवन समेत त्रस्त हुन थालेको छ । चीनमा डाक्टरी पढ्दै गरेका नेपाली विद्यार्थीमा कोरोनाको संक्रमण देखिएकोले नेपाल पनि सो भाइरसको उच्च जोखिममा रहेको अनुमान गर्न थालिएको छ । नेपालमा आउने पर्यटक लगायत ठूला परियोजनामा संलग्न चिनियाँ नागरिकको आवागमनले कोरोना नेपालमा सजिलै फैलिने डरले सताएका बेला नेपालमा प्रविधि, सेवा र पहिचान गर्ने प्रणालीको अभावका कारण धेरै जोखिम उच्च रहेको मान्न सकिन्छ । त्यसमा पनि स्वास्थ्य क्षेत्रका नेपाल विज्ञहरुले नागरिकलाई सचेत रहन र सजगता अपनाउन आग्रह गरेकाले पनि यसको त्रास बढेको हो ।

खुल्ला सीमाना र सहज आवागमनका कारण पनि 'कोरोना' त्रासदीय नबनोस् सरकार र सम्बद्ध निकायले गम्भीर अग्रसरता देखाउनु पर्दछ । चर्चा शुरु भएको एक महिनामै चार हजारभन्दा बढी मानिसमा सल्किएको भाइरस सरुवा भएका कारण संक्रमितबाट स्वस्थ मानिसमा सर्ने सम्भावना उच्च रहन्छ । कोरोना भाइरसको संक्रमण अहिले अमेरिका, फ्रान्स, जापान लगायतका देशमा पुगिसकेको सन्दर्भले पनि नेपालमा त्यहाँबाट आउने मानिसबाट यसको संक्रमण फैलिने जोखिम त्यतिकै छ । अझ नेपालले भ्रमण वर्ष मनाइरहेका बेला यहाँ आउने पर्यटकको चाप पनि बढी हुने हुँदा उच्च सतर्कता अपनाउन ढिला गरिनु हुन्न । त्यसका लागि सचेतना कार्यक्रमसँगै प्रतिरक्षाका लागि भरपर्दो उपाय तत्काल सञ्चालन गरिनुपर्छ ।

गर्मी मौसमभर डेंगुको आतंक सहेका नेपालीका लागि जाडो अन्त्य हुन लाग्दा कोरोनाले अर्को त्रासदी थपेको छ । चीनले रोगको पहिचान हुनासाथ प्रतिरक्षा र उपचारका लागि विशेष कार्यक्रम सञ्चालन गरिसकेको छ । पर्याप्त जनशक्ति, प्रविधि, प्राविधिक र उपकरण आदिको अभावमा धेरै नेपालीको जीवन जोखिममा पर्न सक्ने अवस्थालाई सरकारले गम्भीरपूर्व लिनु पर्दछ । बढ्दो सञ्चार सुविधा र सूचना प्रविधिका कारण छिट्टै सञ्चार भएकोले कोरोना भाइरस त्रासदीका रुपमा देखिन सक्ने तर्फ सम्बद्ध निकायले उपचारात्मक प्रविधिमा समेत जोड दिनु पर्दछ ।

पशुबाट सरेको भनिएको कोरोना भाइरसको संक्रमणबाट जोखिन सरसफाईमा ध्यान दिनुपर्ने विज्ञहरुले बताएका छन् । यसका साथै पशुपन्छीबाट टाढा बस्ने, छोएपछि साबुन पानीले हात धुने, भीडभाडबाट टाढा बस्ने, काम गरेपछि हात धुने, रुघाखोकी लागे सतर्कता अपनाउने जस्ता प्रतिरक्षाका उपायहरुले पनि संक्रमणबाट जोगिन सक्ने भएकाले यसतर्फ आफूले पनि ध्यान दिनु पर्दछ । रोग लागेर उपचार गराउनुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी पनि हुन्छ । त्यसैले सरकारले सचेतना कार्यक्रम तत्काल शुरु गर्नुपर्दछ ।

# कम्युनिस्ट अनुशासन र नेकपाको ११ बुँदे आचारसंहिता



तीर्थराज खरेल

मार्क्सवादी लेनिनवादी मार्गदर्शनमा आबद्ध संसारभरका कम्युनिस्टहरु आदर्श र अनुशासनलाई कम्युनिस्ट पार्टीको कार्यकर्ता र नेता हुनका लागि अनिवार्य आधारका रूपमा लिन्छन् । सर्वसाधारण तथा सचेत मानिसहरू पनि नैतिकता र अनुशासन भनेको कम्युनिस्टलाई मात्र लागू हुने र अन्यका लागि होलोखुकुलो हुने झैं कुरा गर्छन् । नियतवश वा अञ्जानमै कुनै कम्जोरी भएमा कम्युनिस्ट पार्टीको सदस्य कडा आलोचना र प्रश्नको सामना गर्ने अवस्थामा पुग्छ र उसको पार्टी जीवन समाप्त हुनसक्छ । अनुशासनको डण्डाले तीन-चार दशकदेखि कै भए पनि पार्टीमा गरेको लगानी र शिक्षा आर्जन छोडेर, व्यापार, व्यवसाय, इलम छोडेर पूर्णकालीन कार्यकर्ता भएर गरेको समर्पण र त्याग निमेशभरमा समाप्त हुन्छ । विश्व कम्युनिस्ट आन्दोलन र नेपालका कम्युनिस्ट पार्टी भित्र पटकपटक आर्थिक अनियमितता, नैतिक विचलन र अनुशासन उल्लंघनका प्रश्न उठाइएका छन् । पार्टीभित्र उठाइने यी र यस्ता अनुशासन र आदर्श नमानेका कुरा आन्तरिक खिचातानी र अस्वस्थ प्रतिस्पर्धाका विषय बनेका सयौं उदाहरण छन् । नेपालमा पनि महिलासँग जोडेर गरिएका विषय वा राजनितिक विषय जे भए पनि कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताले कार्वाही भोग्नुपरेको तीतो सत्य घाम झैं छर्लङ्ग छ ।

लगभग दुई तिहाइको संसदको समर्थनसहितको कम्युनिस्ट सरकार छ नेपालमा यतिबेला । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेता-कार्यकर्ता अबदेखि पार्टीको कडा अनुशासनमा बस्नुपर्ने भएको छ । नेकपाभित्र पार्टी अनुशासन पालना नभएको भन्दै चर्को आलोचना भइरहेका बेला नेकपाले नेता कार्यकर्तालक्षित आचारसंहिता बनाएर लागू गर्न लागेको हो । हालैमात्र जारी नेकपाको पार्टी आचारसंहितामा आफ्ना नेता कार्यकर्तालाई अनुशासनमा बाँध्न पार्टी कमिटीहरु मार्फत सर्कुलर जारी गर्दै आचारसंहिता कार्यान्वयनमा जोड दिएको छ । हाल नेकपाका आठ लाख पार्टी सदस्य रहेका छन् । पार्टी सदस्यता विस्तारको योजना अघि सारेको नेकपाले प्रति सदस्य अरु थप चार जना बनाएर ३२ लाख सदस्य पुऱ्याउने योजना अघि सारेको छ । तर, सदस्य संख्या बढाउनुअघि पार्टीले तयार पारेको विशेष परिपत्रमा नेता, कार्यकर्ता तथा सदस्यहरुले पालना गर्नुपर्ने आचारसंहिता तय गर्दै उनीहरुलाई संविधान, पार्टी विधान र नियमावलीप्रति जवाफदेही बनाउने प्रयास थालेको छ । इतिहासले जनताको जनवाद कार्यान्वयन गर्ने, समृद्धि हासिल गर्ने र समाजवाद निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी प्रदान गरेको र नेकपासँग समयले सही नीति र प्रभावकारी संगठनात्मक प्रबन्धका साथ अघि बढ्न माग गरेको बताइएको छ । नेकपाले पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूलाई ११ बुँदे आचारसंहिता जारी गर्दै पालना गर्न समेत भनेको छ । वास्तवमा जनअपेक्षा अनुरुप जनअधिकार स्थापित गर्न आफ्ना नेता कार्यकर्ता सहयोगी नरहेको र उनीहरुमा सुविधाभोगी प्रवृत्ति बढ्दै गएर जनमत र जनसमर्थन गुम्ने सम्भावनाका बीच प्रत्येक पार्टी सदस्यले श्रमप्रति



आस्था र श्रमजीवीप्रति सम्मान प्रकट गर्नुपर्ने उल्लेख गरेको छ । पछिल्लो समय श्रम नगर्ने प्रवृत्ति बढेको निष्कर्ष निकाल्दै नेकपाले यस्तो व्यवस्था गरेको बताइएको छ ।

त्यस्तै आचारसंहिता कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी सबै पार्टी कमिटीहरुको भएको उल्लेख छ । आचारसंहितामा कुनै पनि पार्टी सदस्यले नेपालको संविधान र प्रचलित कानूनलाई निःशर्त पालना गर्ने र कानून बमोजिम कर तिर्ने आचरणको विकास गर्नुपर्ने भनिएको छ । त्यस्तै नेकपाले आफ्ना पार्टी सदस्यहरुलाई ऋण, सापटी वा आर्थिक लेनदेनमा विचार पुऱ्याउन सचेत गराएको छ । 'भ्रष्टाचार, कालोबजारी, गैरकानूनी कमिसन, करछली, अनियमितता जस्ता अपराध नगर्ने, गर्न नदिने तथा आफूसँग प्राप्त सूचना सरकारलाई उपलब्ध गराउने कर्तव्य निर्वाह गर्न नमूना बन्नुपर्छ', नेकपाको आचारसंहितामा भनिएको छ । त्यसैगरी नेकपाले आफ्ना पार्टी सदस्यहरु जुनसुकै प्रकारको श्रमिक बन्न तयार हुनुपर्ने र आफूले गरेको श्रमबाट आर्जित कमाइबाटै राज्यलाई कर तिर्नु र जीवन निर्वाह गर्नुपर्ने भनिएको छ । 'पार्टीलाई आफ्नो कमाइबाट नियमित रुपमा सदस्यता शुल्क र लेवी बुझाउनुपर्छ' नेकपाको आचारसंहितामा भनिएको छ ।

नेकपाले सबै तहका नेता, कार्यकर्ता र सदस्यले आफ्नो परिवारमा श्रमप्रति आस्था र श्रमजीवीप्रति सम्मान प्रकट गर्ने भावना विकास गर्नुपर्ने तथा बेला-बेलामा परिवारका सदस्यहरू सबै जुटेर पारिवारिक बैठक बसी हार्दिकपूर्ण वातावरणमा सबलै सबैलाई सल्लाह, सुझाव दिने र आलोचना गर्ने स्थिति निर्माण गुर्नपर्ने स्मरण गराइएको छ । त्यस्तै आचारसंहितामा १६ वर्ष पुगेका परिवारका सबै सदस्यहरूका बीच दिनभरि गर्नुपर्ने घरका कामहरू सम्पन्न गर्न कार्यविभाजन गर्नुपर्ने र त्यसो गर्दा सबभन्दा अफ्ठेरो काम आफूले लिनुपर्ने भनिएको छ । नेकपाले जारी गरेको पार्टी आचारसंहितामा परिवारका सदस्यहरू सबैसँगै बसेर खाना खानुपर्ने उल्लेख छ भने बालबालिका, अशक्त र ज्येष्ठ नागरिकलाई काम लगाउनु हुँदैन भनिएको छ । 'उनीहरूसित प्रेम, सहयोग र सद्भावपूर्ण व्यवहार गर्नुपर्छ । परिवारमा गालीगलौज, झगडा, भेदभाव र छुवाछुत पूर्णरुपले अन्त्य गर्नुपर्छ', आचारसंहिताको एक बुँदामा नेकपाले भनेको छ- 'चाडपर्व र अन्य कामका लागि खर्च गर्दा मितव्ययी हुनुपर्छ । घरभित्र र बाहिर पनि महिलाप्रति सम्मान प्रकट गर्नुपर्छ ।'

त्यस्तै परिवारका सदस्य र अरुसँग बोलिने भाषा मर्यादित, सरल र मिठासपूर्ण बनाउनुपर्ने, कसैलाई पनि हेलाहोचो तथा तँ भन्न पूर्णरुपले बन्द गर्नुपर्ने नेकपाको आचारसंहितमा उल्लेख छ । 'छोरी, छोराको विवाहलाई सरल मितव्ययी बनाउनुपर्छ । जन्मदिन, ब्रतबन्ध, पासनी जस्ता परम्परागत संस्कारलाई घरपरिवारमा मात्र सीमित गर्नुपर्छ' - नेकपाको नयाँ आचरसंहितामा भनिएको छ । आचारसंहिताको अन्त्यमा पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान, नियमावली, निर्णय तथा आचारसंहिता पालना गर्नु प्रत्येक पार्टी सदस्यको कर्तव्य रहेको भन्दै यसको पालना नगर्ने तथा पटक-पटक सचेत गराउँदा पनि नसुन्ने सदस्यलाई कानूनसँग सम्बन्धित सवालमा कानून बमोजिम, पार्टी अनुशासनसँग सम्बन्धित सवालमा पार्टी विधान, नियमावली र निर्णय बमोजिम कारवाही गर्नुपर्ने उल्लेख गरिएको छ ।

अहिले सरकार नेकपाकै छ । सरकारमा बस्नेले सरकारी खर्चमा मितव्ययिता ल्याउनुपर्ने, सरकारी सम्पत्तिको दुरूपयोग गर्न नहुने र जनपक्षीय काम गर्नुपर्ने आचारसंहिताको मर्म छ । दैनिक भट्टीमा पस्ने, उम्मेदवारी चयनमा रकम असुल्ने, विभिन्न बहानामा चन्दा लिने, सुरक्षाका नाममा सरकारी रकमवाट प्रहरी राख्न नपाउने, बिलासिता र जिमीन्दारी नेता हुन नहुने, अपराधमा न्यायालयमा बिचाराधीन मुद्दा हुँदाहुँदै उच्च तहमा नियुक्ति नगर्ने, बिलासिता गाडी त्याग गर्ने, सरकारी सुबिधा लिनेलाई पार्टीको पदीय जिम्मेवारी नदिने जस्ता आचरण सुधारको नियम लागू गर्न पनि यो आचासंहिताले सहयोग पुऱ्याउनेछ ।

जनताको सेवा गर, जनताबाट लेऊ र जनतालाई नै देऊ, अनुमति बिना जनताबाट सियोसम्म पनि नलेऊ लगायतका माओका नियम र अनुशासनका आदर्शबाट हुर्केका नेपालका कम्युनिस्टका लागि न यो आचारसंहिता जारी गर्नु अप्रत्याशित हो न पालना गर्न अनिच्छा देखाउने र सार्वजनिक रुपमा यसकाविरुद्धमा कसैको विमति नै आउला । तर, प्रश्न के हो भने के यो आचारसंहिता लागू होला ? के यो आचारसंहिता माथिल्लो तहसम्म पहुँच नभएका तल्ला तहका कार्यकर्तालाई मात्र हो कि साँच्चै पार्टी अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल प्रचण्ड लगायत अन्य नेताका हकमा पनि लागू हुन्छ ? यो आचासंहिता दीर्घकालीन महत्वको छ र यो पुरानो पनि हुँदैन, तर केही समयपछि यसको प्रभाव हराउँदै जाने र इतिहासको गर्तमा कतै विलिन हुने त होइन ? अबको मूल प्रश्न कार्यान्वयनको हो । सत्तारूढ नेकपा यतिबेला योजना सुनाउने होइन राम्रा नीति-नियम, कानून र योजना बनाउने र जनताको साथ लिएर ती सबै योजना लागू गर्ने ठाउँमा छ ।

tirthakharel2028@gmail.com

# किन अवसरबाट विमुख छन् योग्य महिला ?

वीणा झा

पितृसत्ताले समाजका हरेक संरचनामा पुरुष प्रधानताको परिकल्पना गर्छ । जसको कारण महिला अस्तित्व र स्वीकार्यता दोस्रो दर्जाको रुपमा राखिएको हुन्छ । फलस्वरूप समाजका हरेक सामाजिकीकरणका एकाईहरु पनि पुरुष प्रधानमुखी बन्दै जान्छन् । अनि पुरुषलाई नियन्त्रक र निर्णयकर्ताको रुपमा स्थापित गर्छ । यही सोचले महिलालाई पुरुषको सहायक अनि स्वतन्त्र रुपमा क्षमताविहीन हुन्छ भन्ने अवधारणाको जन्म गराउँछ । जसको प्रभावबाट व्यक्तिको सोच निर्माणमा यति प्रभाव पर्छ कि सामान्य रुपले उसले विभेद देख्न र महशुस गर्न नै सकेको हुँदैन । यही कारण हो कि व्रत गर्ने, नियम निष्ठा मान्ने र आस्थाका केन्द्रहरुमा धाउने महिलाको संख्या धेरै भए पनि पादरी, पुजारी र मौलवीका रुपमा महिला नदेखिँदा हाम्रो मनमा कहिल्यै प्रश्न नै उब्जदैन किनकि यो सब प्राकृतिक झैं लाग्छ ।

बोक्सीको रुपमा सम्झिँदा महिला अनुहार अगाडि आउँछ भने धामीको चित्र कोर्दा पुरुष नै भेटिन्छ । बिद्यालय तहका कक्षा कोठाहरुमा सरसफाई कार्य गर्नेमा महिलाहरु देखिए पनि प्रधानाध्यापक र क्याम्पस प्रमुखको रुपमा महिला नदेख्दा केही अचम्म लाग्दैन । केही महिना अगाडि चुनावताका पोखराबाट उम्मेदवार बनेकी विद्या भट्टराईसँग अन्तरवार्ता लिने क्रममा राष्ट्रियस्तरका एक मिडियाको एउटा प्रश्न, तपाई चुनाव लड्न परिवारलाई सोध्नु भो ? अर्थात् परिवारको साथ र समर्थन छ ?

त्यस्तै अहिले निवर्तमान उपसभामुख डा.शिव माया तुम्बाहाङफेले आफ्नो राजीनामाको सन्दर्भमा नेकपाका दुबै अध्यक्षहरु समक्ष आफ्नो स्पस्ट अडान सहितको धारणा राख्दा यी बोली उनका हुँदै होइनन् कताबाट कुन शक्तिको जोडबल छ भन्ने टिक्का टिप्पणी र विश्लेषण भए । अनि परोक्षरुपमा सभामुख पदका लागि पुरुष पात्र मात्रै उपयुक्त हुने सोचले जसरी सार्वजनिक भए पनि तिनले राजीनामा दिए मात्रै संसद सुचारु गर्न निकास निस्किने भनी पार्टी र स्वयम् प्रधानमन्त्री समेतको अवधारणा आयो ।

नेकपाका अध्यक्षहरु प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व प्रधानमन्त्री प्रचण्ड दुवैले राजीनामा दिन गरेको आग्रहलाई विश्लेषण गर्दा एउटा त के स्पष्ट हुन्छ भने यी राजनीतिक दलहरु कागजमा जति नै उदारवादी, समावेशी शब्दहरु भरे पनि ब्यबहारमा तिनका सोच पूर्णत पितृसत्ताले निर्देशित छ । वास्तवमा समाज रुपान्तरण गर्ने हो र सही अर्थमा समृद्ध नेपालको कल्पना गर्ने हो भने सरकारले पितृसत्तात्मक सोचबाट समाजलाई निकाल्न महत्वपूर्ण भूमिका खेल्नु पर्छ । त्यसका लागि प्रथमतः पर्याप्त संख्यामा निर्णायक तहमा महिलाहरुलाई राखिनु पर्छ ।

यसका केही उदाहरणहरु जस्तो कि महत्वपूर्ण छलफलहरुमा महिला सहभागिता नगराईनु, संसदमा महिलाले उठाएका बिषय महत्वका साथ न सुन्नु । अरु त अरु नेकपाको सचिवालय संरचना मै समेत शून्य महिला प्रतिनिधित्वले तीनको मानसिकताबारे थप स्पष्टता दिन्छ । एकछिन सोचौं माथिका दुबै परिदृश्यमा महिलाका ठाउँमा पुरुष भएका भए प्रश्न र परिवेश उही हुन्थ्यो ? सात दशकको संघर्षमा महिला कहाँ चुके ? के अहिलेको उपलब्ध राजनीतिक परिवर्तनहरु महिलाको साथ र समर्थन बिना सम्भव थियो ?पञ्चायतकालदेखि अहिलेको गणतन्त्र सम्मको लडाईमा सँगै हिँडेका, अंगभंग भएका र जीवन समेत गुमाएका महिला योद्दाहरु प्रति यो अपमान होइन ?



आखिर किन र कहिलेसम्म एक महिलाको क्षमताभन्दा पनि पुरुषका निर्णय महत्वपूर्ण ठानिन्छ ?

कुनै पनि प्रणाली जुन जन्मको आधारमा गरिने विभेद माथि आधारित हुन्छ त्यसलाई परिमार्जन र परिवर्तन गर्न गराउन राजनीतिक दल अगाडि आउनुपर्छ । अनि सरकारका नीति, निर्देशन र कार्यन्वयन पक्ष सम्वेदनशील भई विभेदरहित समाज निर्माण गर्ने तर्फ उन्मुख हुनुपर्छ । बिडम्बना नै भन्नुपर्छ विगतदेखि वर्तमानसम्मका सत्ता र प्रतिपक्षी पितृसत्तात्मक मानसिकताले यसरी गुज्रिएका नेतृत्व तहले महिला सहभागितालाई महत्व दिएको देखिन्न । यहाँसम्म कि संविधानको मर्म विपरीत तिनका हरेक सोच र कार्य पितृसत्ता टिकाउने तर्फ मात्रै केन्द्रित देखिन्छ । यो कुनै एउटा राजनीतिक दलको चरित्र होइन महिलालाई निर्णायक पद दिने सवालमा प्रायः सबै राजनीतिक दल उस्तै-उस्तै छन् ।

नेपालको विगतदेखि वर्तमानसम्मको राजनीतिक संस्कार नियाल्ने हो भने महिला सहभागितालाई चुनाबी एजेण्डा बनाइए पनि निर्णायक पदको भागबण्डा पुरुषहरु माझ मात्रै गरिएको देखिन्छ । जस्तो कि कांग्रेसको पालामा ०६२/०६३ तिरको आन्दोलनमा एक सशक्त उपसभामुखको भूमिका निर्वाह गरेकी चित्रलेखा यादव जसको सुझबुझ र क्षमता कै कारण संसदको पुनर्स्थापना सम्भव भएको थियो । तर, महिला भएकै कारण उनलाई सभामुख बन्ने मौका दिइएन । जनआन्दोलनको सफलता पश्चात उनकै अध्यक्षतामा बैठक बस्यो तर सभामुखको रुपमा नेतृत्व दिने पुरुष पात्र मात्रै उपयुक्त ठानियो । अहिलेको परिप्रेक्षमा राजनीतिक दलहरुभित्र सक्षम महिलाको कमी छैन, तर मुख्य समस्या पुरुष प्रधान मानसिकताको हो ।

नेपालको राजनीतिमा विगतदेखि वर्तमानसम्म जुन किसिमले आर्थिक र नीतिगत भ्रष्टाचार मौलाउँदो छ । त्यसमा कतै न कतै निर्णायक तहहरु एक निश्चित पुरुष समूहको वरिपरी मात्रै भई राख्नु पनि एक कारण हुन सक्छ । जहाँ महिला नेतृत्व स्वीकार्नु भनेको ग्लानी र लज्जाबोध जस्तो रुपमा लिइन्छ । धेरै टाढा किन जाने नेपालमा संघीयता ल्याए पश्चात सातै प्रदेशमा मुख्यमन्त्री बनाइयो जहाँ एक जना पनि महिला अटाएन् । त्यस्तै दुई बर्ष अगाडी मात्रै नेकपाको एक सक्षम नेतृ अस्टलक्ष्मी शाक्यलाई गरिएको व्यवहार कम अपमानजनक थिएन ।

यो सबै अवस्थाले के चित्रण गर्छ भने राजनीतिक संरचना त बदलियो तर नेतृत्वदायी भूमिकामा बस्नेहरुको मानसिकता बदलिन सकेन । चाहे जुनसुकै ठूला राजनीतिक दलका कुरा गरौ तिनका लागि महिला भनेको कठपुतली मात्रै हुन् । जसलाई राजनीतिक स्वार्थको लागि समय अनुसार प्रयोग गरिन्छ । चुनाव जित्ने सम्भावना बलियो भए त्यहाँ उभ्याइन्छ, तर जीत पश्चात पुनः भागबण्डाको राजनीतिमा तिनलाई धेरै पर लखेटिन्छ । यदि तिनी अरु पुरुष पात्रभन्दा बढी सक्षम छन भने त झनै निर्णय गर्ने ठाउँमा राख्दै राख्दैनन् ।

नेपालको राजनीतिमा विगतदेखि वर्तमानसम्म जुन किसिमले आर्थिक र नीतिगत भ्रष्टाचार मौलाउँदो छ । त्यसमा कतै न कतै निर्णायक तहहरु एक निश्चित पुरुष समूहको वरिपरी मात्रै भई राख्नु पनि एक कारण हुन् सक्छ । केही दिन अगाडि अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको मनन योग्य भनाई- 'भ्रस्टाचार निर्मुल गर्नुछ भने प्रमुख निर्णायक पदहरुमा महिलालाई राख्नुपर्छ' खुब भाइरल भएको थियो । बिभिन्न प्रतिवेदनहरुले समेत देखाउँछ यदि महिलालाई अवसर दिने हो भने नैतिकताका साथ प्रभावकारीरुपले जिम्मेवारी निभाउँछन् । त्यसैले बास्तवमा समाज रुपान्तरण गर्ने हो र सही अर्थमा समृद्ध नेपालको कल्पना गर्ने हो भने सरकारले पितृसत्तात्मक सोचबाट समाजलाई निकाल्न महत्वपूर्ण भूमिका खेल्नुपर्छ । त्यसका लागि पथमत पर्याप्त संख्यामा निर्णायक तहमा महिलाहरुलाई राखिनुपर्छ ।

जसले एकातिर समाजमा सक्षम महिला मोडलले अरुलाई पनि प्रोत्साहित गर्छ भने अर्कोतिर पुरुष भएर जन्मे कै आधारमा विज्ञ हुने सोचबाट समाजलाई बाहिर निकाल्छ । फलस्वरूप कर्म प्रधानताले प्रश्रय पाउँदै जान्छ र यसको असर राजनीतिक दलहरुलाई पनि सकारात्मक नै पर्छ । किनकि आउँदो चुनावको जोहोको धपेडी गर्नुपर्दैन सिर्फ राम्रो काम तर्फ केन्द्रित भई दिए पुग्छ । सक्षम नागरिकले कुनै प्रभावमा नपरी आफै स्वविबेकले सक्षम नेतृत्व चयन गर्छ । आखिर राजनीति गर्नुको अन्तिम लक्ष्य भनेको समाजबाट अन्याय र विभेद हटाई समाजलाई सक्षम बनाउनु नै होइन र ?

# ग्रील तथा स्टील व्यवसायी संघ झापाको नेतृत्व चयन




**सुरुङ्गा, माघ १२।** ग्रील तथा स्टील व्यवसायी संघ झापाको अध्यक्षमा तेजेन्द्रप्रसाद उप्रेती चयन भएका छन् ।

संघको प्रथम विशेष साधारण सभा तथा १०औं वार्षिक साधारण सभाले उप्रेतीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको हो । नवगठित समितिको वरिष्ठ उपाध्यक्षमा विष्णुविचारी बोहोरा, उपाध्यक्षद्वयमा केवल कटुवाल र लक्ष्मी गौतम, महासचिवमा एकराज भट्टराई, सचिवमा हरिप्रसाद उप्रेती, कोषाध्यक्षमा माधवप्रसाद खतिवडा र सहकोषाध्यक्षमा छत्र खड्का चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा देवेन्द्र सङदाङ, अमूल्यचन्द्र मण्डल, मोतीलाल गजमेर, भोलानाथ कडरीया, पदमप्रसाद सुवेदी, दधीराम गजमेर, मेदनीप्रसाद प्रसाईं, रोहित गजमेर, भीमप्रसाद विक, अबिरल राजवंशी, लक्ष्मी मण्डल, पुष्प थापा र सुवासचन्द्र सुवेदी चयन भएका छन् । संस्थाको महासंघका संगठन विभाग सदस्य एवम् १ नं.प्रदेशका संयोजक खगेन्द्रप्रसाद प्रसाईलाई जिल्ला समिति झापाको सल्लाहकार संयोजकमा सर्वसम्मत रुपमा चयन गरिएको छ ।

संस्थाका अध्यक्ष खत्रीवहादुर लिम्बूले आफ्नो पदबाट राजीनामा दिएपछि विशेष साधारण सभामा निर्णयार्थ प्रस्तुत गरिएको प्रस्तावलाई सभाले अनुमोदन गरेपछि खाली हुन आएको जिम्मेवारीमा पदपूर्ति गरिएको संस्थाका सल्लाहकार संयोजक प्रसाईले बताएका छन् । त्यस्तै साधारण सभाको बन्द सत्रले सचिव एकराज भट्टराईको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष माधवप्रसाद खतिवडाको आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको थियो ।

साधारण सभामा संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै निवर्तमान अध्यक्ष समेत रहेका खगेन्द्र प्रसाईले झापामा चार सयभन्दा बढीको संख्यामा दर्ता भई सञ्चालनमा आएका प्रत्येक ग्रील व्यवसायबाट ५० जनासम्म बेरोजगार युवाहरुलाई रोजगार दिँदै आएको बताएका छन् । राज्यका तीनवटै तहले तोके अनुसार सरकारलाई कर तिर्दै आएका ग्रील व्यवसायीहरुवाट मुलुकको समृद्धिमा समेत थप टेवा पुगेको प्रसाईले बताएका छन् ।

दक्ष जनशक्ति उत्पादन गर्ने तालिम केन्द्रको रुपमा सञ्चालित ग्रील तथा स्टील व्यवसायले काठको सामान प्रयोग गर्ने ठाउँमा फलाम तथा स्टीलबाट उत्पादित सामानका कारण वन विनाश कम हुनुका साथै वातावरणको संरक्षणमा समेत महत्वपूर्ण भूमिका खेलेको बताइएको छ ।

मुलुकको समृद्धिका लागि हरेक हिसाबले महत्वपूर्ण भूमिका खेल्दै आएको ग्रील तथा स्टील व्यवसायप्रति सरकारको नीति स्पष्ट नभएका कारण दिनप्रतिदिन व्यवसाय असुरक्षित बन्दै आएको भन्दै ग्रील तथा स्टील व्यवसायीहरुले दुःख व्यक्त गरेका छन् । बिना दर्ता सञ्चालन गरिएका यस्ता व्यवसायको राज्यले अनुगमन गरेर कानूनी दायरामा ल्याउनुपर्नेमा व्यवसायीहरुले जोड दिएका छन् ।

संस्थाका कार्यवाहक अध्यक्ष विष्णुविचारी बोहोराको अध्यक्षता तथा ईश्वरबहादुर खड्काको प्रमुख आतिथ्य रहेको कार्यक्रममा कनकाई-३ का वडाध्यक्ष रुद्रप्रसाद चिमरीया, संस्थाका इलाम अध्यक्ष दिनेश श्रेष्ठ, संस्थाको दमक शाखाका पूर्व कार्यवाहक अध्यक्ष नवीन सेढाई, कनकाई उद्योग वाणिज्य संघका महासचिव तुलसी विमली लगायतले मन्तव्य राखेका थिए । जिल्ला सदस्य मेदनीप्रसाद प्रसाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन जिल्ला सचिव एकराज भट्टराईले गरेका थिए ।

# 'चुमरे ग्रन्थावली'को लोकार्पण



**बिर्तामोड, माघ १२।** पूर्वका मोतीराम, साहित्य भास्कर तथा भाषाविद्का उपनामले परिचित चूडामणि रेग्मीको संकलित ग्रन्थावलीको एक कार्यक्रमका बीच लोकार्पण गरिएको छ ।

प्रगतिशील लेखक संघ झापाको आयोजना र कञ्चनजंघा नमूना कलेजको संयोजनमा भएको कार्यक्रममा चूडामणि रेग्मी ग्रन्थावलीको लोकार्पण गरिएको हो । प्रगतिशील लेखक संघ झापाका अध्यक्ष राजेन्द्र संग्रौलाको अध्यक्षता तथा प्रगतिशील लेखक संघका केन्द्रीय अध्यक्ष प्रा.डा. जीवेन्द्रदेव गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कञ्चनजंघा नमूना कलेजका संस्थापक अध्यक्ष गुरूभक्त न्यौपानेले स्वागत गरेका थिए ।

कार्यक्रममा सुसेली साहित्यिक परिवारका अध्यक्ष पुण्यप्रसाद खरेल, भानु साहित्यिक प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद उप्रेती, पूर्व क्याम्पस प्रमुख उमानाथ ओली, गीतकार शिवशंकर थापा, प्रगतिशील लेखक संघ, प्रदेश नं. १ कि सदस्य खगिन्द्रा खुसी, सहकारी अभियन्ता हरिचरण वानियाँ लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा ग्रन्थावलीको सम्पादक मण्डलका सदस्यहरु कोमलप्रसाद पोखरेलले ग्रन्थावलीको समीक्षा, चूडामणि वाशिष्ठले कथा, डा. ठाकुरप्रसाद पोखरेलले निबन्ध र पुण्यप्रसाद पोखरेलले निबन्धका बारे समीक्षात्मक टिप्पणी गरेका थिए । त्यसैगरी कृतिको भाषा सम्पादन गर्ने साहित्यकार हरिनारायण भट्टराईले ग्रन्थावलीभित्र प्रयुक्त भाषाका सम्बन्धमा टिप्पणी गरेका थिए ।

कार्यक्रममा साहित्य चौतारी झापाका अध्यक्ष टङ्क विकल्प, विवेक निसानी, वर्षा बजगाई, मीना अधिकारी र टीका भट्टराई नेपालले साहित्यिक रचना वाचन गरेका थिए ।

कार्यक्रममा मेची बहुमुखी क्याम्पस भद्रपुरका अध्यक्ष कमलप्रसाद गुरागाई, प्रगतिशील लेखक संघका केन्द्रीय सल्लाहकार सरोज ओली, दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष हेमनाथ अधिकारी, वेदकुमारी रेग्मी कर्मठ महिला पुरस्कारबाट सम्मानित अटो मेकानिक्स निर्मला परियार र विर्तामोड नगरपालिका वार्ड नं.४ का अध्यक्ष कुलप्रसाद संग्रौलाले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन लीलानाथ अधिकारीले गरेको प्रगतिशील लेखक संघ झापाका सदस्य देवीचरण भण्डारीले जानकारी दिए ।

# एनएमसीको हाजिरीजवाफ



**बिर्तामोड, माघ १२।** एनएमसी क्षेत्रीयस्तरीय अन्तर कर्मचारी हाजिरीजवाफ प्रतियोगिताको उपाधि एनएमसी शिवसताक्षीले जितेको छ ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी)को सामाजिक सरोकारसँग सम्बन्धित समिति वित्तीय साक्षरता समितिको आयोजनामा भएको प्रतियोगिताको उपाधि शिवसताक्षीले जितेको हो ।

प्रतियोगितामा अर्जुनधारा क्षेत्रीय कार्यालय दोस्रो र मेचीनगर क्षेत्रीय कार्यालय तेस्रो भएका थिए । संस्थाको वित्तीय साक्षरता समितिले यस प्रतियोगिताका लागि माघ ३ गते पहिलो र माघ ६ गते दोस्रो चरणको हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरेको थियो ।

अन्तिम चरणको प्रतियोगितामा प्रधान कार्यालयसहित छ वटा टोलीलाई पराजीत गरेको शिवसताक्षी क्षेत्रीय कार्यालयको टोलीमा कमलप्रसाद कट्टेल, प्रदीप लम्साल, धर्मेन्द्र सुवेदी र रवीन भट्टराई रहेका थिए ।

एनएमसी वित्तीय साक्षरता समितिका संयोजक गोपाल प्याकुरेलको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष भगवती घिमिरे, सञ्चालक सदस्य सीताकुमारी श्रेष्ठ, बैंकिङ व्यवसाय समिति सदस्य हरिप्रसाद आचार्य, बिर्तामोड कार्यालयगत समिति संयोजक शान्ता रोक्का लगायतको आतिथ्य रहेको थियो ।

प्रथम, दोस्रो र तेस्रो हुने टोलीलाई संस्थाको तर्फबाट नगदसहित प्रमाण पत्रले सम्मानित गरिएको थियो । आयोजक समितिका सदस्यद्वय कमलप्रसाद पाठक र दीपक भट्टराईले सहजीकरण गरेका कार्यक्रममा स्वागत बिर्तामोड कार्यालयगत समिति संयोजक शान्ता रोक्काले गरेकी थिइन् ।

# बिर्तामोडमा क्यालिबर सुजको बिक्री



**बिर्तामोड, माघ १२।** केडी सुज इन्डस्ट्रिजबाट उत्पादित 'क्यालिबर सुज'ले झापाको बिर्तामोडबाट बिक्री शुरु गरेको छ ।

बिर्तामोड-५ स्थित शनिश्चरेरोडमा रहेको प्रथम सप्लायर्सले आइतबारबाट 'क्यालिबर सुजको बिक्री शुरु गरेको हो । बिर्तामोडका युवा व्यवसायी रोशन घिमिरेले ६० लाख रुपैयाँको लगानीमा 'क्यालिबर सुज'को शोरुम सञ्चालनमा ल्याएका हुन् ।

शोरुमको उद्घाटन उद्योग बाणिज्य संघ प्रदेश नं. १ का सदस्य बलराम कार्कीले गरेका थिए । सञ्चालक घिमिरेले नौ सय ५० देखि तीन हजार आठ सय रुपैयाँसम्मका क्याजुअल, स्नीकरदेखि खेलकुद र औपचारिक, बुट तथा अन्य विभिन्न किसिमको महिला, पुरुष र बच्चाका क्यालिबर जुत्ताहरु उपलब्ध रहेको बताए । उद्घाटनका अवसरमा १० प्रतिशत छुटको व्यवस्था समेत रहेको सञ्चालक घिमिरेले जानकारी दिए ।

क्यालिवर कम्पनीका प्रवन्ध निर्देशक प्रशन्न गौतमले २३ वर्षदेखि निरन्तर रूपमा विभिन्न प्रकारका क्यालिबर जुत्ताहरु नेपालमै उत्पादन गर्दै आइरहेको बताउँदै क्यालिबर अन्तर्गत स्पोर्ट्स, पार्टी, बुट र क्याजुअल जुत्ता उत्पादन गर्दै आएको जानकारी दिए ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व वरिष्ठ उपाध्यक्ष किरण श्रेष्ठ, बिर्तामोड उद्योग वाणिज्य संघका सदस्य कुसल खतिवडा, व्यवसायी जितेन्द्र अग्रवाल लगायतले स्वदेशी उत्पादन भएकाले क्यालिबर जुत्ताहरु प्रयोग गर्न आग्रह गरेका थिए ।



## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित
झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको
दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५
Panga
दोस्रो शो २:४५
Street-dancer-3 3D
तेस्रो शो ६:३०
Panga

(हल बी) हिन्दी र नेपाली सिनेमा
पहिलो शो ११:४५
Street-dancer-3 3D
दोस्रो शो २:४५
Commantdr
तेस्रो शो ६:३०
Street-dancer-3 3D



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## काठमाडौंका डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण



यही **माघ १२ गते आइतबार**का दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा काठमाडौंका विशेष अनुभवी डाक्टर राजकुमार शाह र फिजियोथेरापिस्ट डाक्टर भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य परीक्षण गरिने भएकोले समयमै नाम टिपाइ स्वास्थ्य लाभ लिनुहोस ।
**उपचार हुने समस्याहरु :** पाइल्स, फिसर, फिस्टुला, मासु पलाएक

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


# वर्गीकृत विज्ञापन

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## कर्मचारी आवश्यकता
Montusori Teacher : 2 जना (महिला)
Manager : 1 जना *(अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।)*
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्परः २ जना
रिसेप्सनिष्टः १ जना (इलामको लागि कम्प्युटरमा दक्ष)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

## शिक्षक आवश्यकता
क्रिएसन मन्टेश्वरी बुट्टाबारी
१) शिक्षक १ जना
२) सिस्टर १ जना
तलव : आपसी समझदारीमा
सम्पर्कः ०२३-४२११४८
९८४२६७२०२०, ९८१४०५८८५९
*नोटः शनिबार स्कूल खुल्ला रहने छ साथै डान्स, म्युजिक, एंकरिङ, खेलकुद र अतिरिक्त क्रियाकलाप गराइनेछ ।*

## गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

## आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

## जग्गा बिक्रीमा
अटोल्याण्ड बुट्टाबारीमा हाइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कठ्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

## कर्मचारी आवश्यकता
पद : बजार प्रतिनिधि
तलब : १३,५००।- +कमिशन
संख्या : १० जना
सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.
अतिथि सदनको दक्षिणपट्टी (मो.९८२४९२५१०५)

## जग्गा बिक्रीमा
बिर्तामोड बस पार्कबाट $1\frac{1}{2}$ किलोमिटर $2\frac{1}{2}$ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२


## हिजोको सूनचाँदीको भाउ
छापावाला सुन : ७६,०००।-
तेजावी सुन : ७५,७००।-
असल चाँदी : ९१०।-



ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसरले पछ्याए पनि चुनौतिहरूसँग जुध्नुपर्नेछ । प्रगतिमा इर्ष्या गर्नेहरूले दुःख दिनेछन् । व्याहारिक समस्याले योजना रोकिन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कामको चाप बढ्नेछ भने स्वास्थ्यले त्यति साथ नदिन सक्छ । मेहनतको नतिजा चित्तबुझ्दो नआउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** चुनौति पन्छाएर काम बनाउन सकिनेछ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले अग्रता दिलाउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूको मुख ताक्ने बानीले पछि परिनेछ । सम्भावना देखिए पनि उपलब्धि हात पार्न धेरै श्रम गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रतिक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ने हुन सक्छ । परिबन्धले व्यवहारिक समस्या निम्त्याउन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतिसँग जुध्नुपर्नेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** दीर्घकालीन महत्वका काममा निर्णय लिन हतार नगर्नुहोला । साझेदारीमा समस्या आउनाले सम्झौता भंग हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** तत्काल योजना सार्वजनिक नगर्नुहोला । काम बिग्रने डरले सताउनेछ । तर, आँटले काम लिनेहरूलाई फाइदा हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला । शुभचिन्तकहरूले साथ दिने हुँदा नसोचेको काम सम्पादन हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** चनात्मक काममा जुट्ने समय छ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गरिएका कर्मको सामान्य प्रतिफल पाइनेछ । तर, परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ । सानोतिनो काममा सञ्चित रकम खर्चनुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बेलामा होस नपुऱ्याउँदा बाध्यतामा परिनेछ । व्यापारतर्फ हिसाब-किताबमा होसियार रहनुहोला । लेनदेनमा सतर्क रहनु होला ।

# नवनितको वार्षिकोत्सवमा पूर्वाञ्चल दैनिक सम्मानित




तस्वीर : जोर्नी स्टुडियो

**बिर्तामोड, माघ १२।** नवनित एकेडेमी (वोस्टन इन्टरनेशनल मन्टेश्वरी स्कूल) अर्जुनधारा-६ को नवौं वार्षिकोत्सव सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष उमा शिवाकोटीको अध्यक्षता तथा अर्जुनधारा नगर प्याब्सनका अध्यक्ष रुद्र सिटौलाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा विद्यालयकी प्रिन्सिपल रिता बाँस्तोलाले बिद्यालयको गतिविधिसहित औचित्यमाथि प्रकाश पारेकी थिइन् । कार्यक्रममा पत्रकारिताको माध्यमबाट विद्यालयको शैक्षिक उन्नयनमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै पूर्वाञ्चल दैनिकलाई सम्मान गरिएको थियो । उक्त सम्मान पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौलाले ग्रहण गरेका थिए ।

कार्यक्रममा गोर्खा फाउण्डेशनका अध्यक्ष बीरु दर्नाल , अभिभावक सुनिता चम्लागाईं लगायतले शुभकामना मन्तव्य राखेका थिए भने बिद्यार्थीहरुले गीत, नृत्य, राइम्स, वक्तृत्वकला, लाइभ गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा बिद्यालयमा आयोजना गरिएको विभिन्न प्रतियोगितामा विजयी हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा विद्यालयका संस्थापकहरु मिना बाँस्तोला , विश्वनाथ बाँस्तोला, विनित बाँस्तोला, मन्टेश्वरी एशोसिएसनका अध्यक्ष अनुप रोय, इजीकेयर मन्टेश्वरी एण्ड ट्रेनिङ सेन्टरकी संस्थापक प्रिन्सिपल सपना प्रसाईं ओडारी, अर्जुनधारा नगरपालिका वडा नं. ६ का वडाध्यक्ष लोकनाथ गौतम, अर्जुनधारा नगरपालिकाका प्रशासकीय अधिकृत डेनजनी आचार्य, समाजसेवी गोमादेवी लुइँटेल लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रमको सञ्चालन सञ्चारकर्मी स्वस्तिका आचार्यले गरेको विद्यालयका कर्मचारी सुमन पौडेलले गरेका थिए ।

# पाँच लाखभन्दा बढीका सामान पक्राउ

**काँकरभिट्टा, माघ १२।** केही दिनदेखि पूर्वीनाका भएर अवैधरुपमा विभिन्न प्रकारका औषधि आयात हुने गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गुल्म हेडक्वाटर, राजस्व भन्सार सुरक्षा गुल्म काँकरभिट्टाबाट गएको प्रहरीको टोलीले यस्ता औषधिसहित पाँच लाख ६१ हजार पाँच सय १० रुपैयाँ मूल्य बराबरका अवैध सामान पक्राउ गरेपछि यस्तो रहस्य खुलेको हो ।

गुल्मपति सशस्त्र प्रहरी नायव उपरिक्षक ज्ञानमणि पौडेलका अनुसार सशस्त्र प्रहरी निरीक्षक दिव्यराज कोइरालाको नेतृत्वमा रहेको प्रहरी टोलीले झापाको मेचीनगर-८ स्थित जोरसिमलबाट एकैदिन उक्त परिमाणका अवैध सामान पक्राउ गरेको हो । पक्राउ सबै सामान आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाइएको छ ।

खुला सिमानाको फाइदा उठाएर यसमा संलग्नहरुले कैरियर मार्फत सामान भित्र्याउने गरेको बताइएको छ । पक्राउ गरेको सामानमा मोटरपार्टस, लत्ता कपडा, विभिन्न प्रकारका औषधि रहेका छन् । सीमानाकाबाट अबैधरुपमा हुने चोरी निकासीलाई शून्यमा झार्न सशस्त्र प्रहरीले अहिले सीमा क्षेत्रमा कडा निगरानी गर्न थालेको छ ।



प्रहरीको निगरानी बढेसँगै यसमा संलग्नहरुले अन्य नाका प्रयोग गर्न थालेको प्रहरीको भनाई छ । सशस्त्र प्रहरीको निगरानीसँगै धमाधम अवैध सामान पक्राउ हुन थालेपछि पछिल्ला महिनादेखि मेची भन्सार कार्यालय काँकरभिट्टाको राजस्वमा समेत उल्लेखनीय प्रगति भएको छ । यता इलाका प्रहरी कार्यालय काँकरभिट्टाले यस्तो धन्दा रोक्न र राजस्व बृद्धि गर्न सहयोग र सहकार्यका लागि स्थानीयबासीलाई आग्रह गरेको छ ।

कार्यालयको अगुवाईमा मेचीनगर-६ नकलबन्दामा स्थानीयबासीसँग अन्तरक्रिया भएको छ । कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले अवैध व्यपारका कारण राज्य र स्थानीयले भोग्नु परेको समस्याका बारेमा जानकारी गराएका थिए ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख भन्सार अधिकृत ध्रुवनारायण विक, सशस्त्र प्रहरी नायव उपरीक्षक ज्ञानमणी पौडेल लगायतले स्थानीय ठाउँमा हुने विकृति विसंगति तथा अवैध धन्दा नियन्त्रणमा स्थानीयबासीको महत्वपूर्ण भूमिका हुने बताएका थिए ।

# गणतन्त्र दिवसमा सम्मान



**बिर्तामोड, माघ १२।** भारतीय भूतपूर्व गोर्खा सैनिक संघले बिर्तामोडमा आजीवन सदस्यलाई सम्मान गर्दै ७१औं गणतन्त्र दिवस मनाएको छ ।

संघका अध्यक्ष धनकुमार गुरुङको अध्यक्षता तथा बिर्तामोड-१० का वडाध्यक्ष तथा पूर्वसैनिक दुर्योधन गुरुङको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष जलकुमार गुरुङ, पत्रकार केशव भट्टराई, हिमाल कन्दङ्वा, सुकमाया लिम्बू लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

भारतीय भूतपूर्व गोर्खा सैनिक संघले जनवरी २६ गणतन्त्र दिवस र अगष्ट १५ मा स्वतन्त्रता दिवसको विशेष कार्यक्रम आयोजना गर्दै आएको अध्यक्ष गुरुङले जानकारी दिए । कार्यक्रममा अवकाश प्राप्त सैनिकहरुले नाचगान गरेका थिए परिकार उपलब्ध गराउने सैनिक श्रीमतीहरुलाई समेत सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन कोषाध्यक्ष सलबहादुर गुरुङले गरेका थिए ।


## सटर बुकिङ खुल्ला

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ । बुकिङ गर्न चाहनु हुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः सोनी कम्प्लेक्स (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| तिलिया चौधरी | शनिश्चरे-६ | २३०८ | ०-१-१ | सोमन चौधरी |
| टेकनाथ लुइँटेल | तोपगाछी-५ | ६०९० | ०-४-१६,२५ | सोमबहादुर माझी<br>मानबहादुर माझी |
| विष्णुप्रसाद लुइँटेल | तोगपाछी-५ | ६०९१ | ०-१-० | मानबहादुर माझी |
| विष्णुप्रसाद लुइँटेल | तोपगाछी-५ | २०७८ | ०-३-१५ | सोमबहादुर माझी |
| मेनुका कट्टेल | तोगपाछी-५ | ५३४०<br>३१४४ | ०-७-०<br>०-३-० | सुकदेव चौधरी/पेरु सतार/विरु सुरेन सतार |
| दुरुमाया मोक्तान तामाङ | पाँचगाछी-१ | ११९१ | १-१३-१० | भूनिलाल ताजपुरिया |
| डम्बरबहादुर श्रेष्ठ | पाँचगाछी-१ | १५४० | ०-०-१७½ | पर्वत ताजपुरिया |
| डम्बरबहादुर श्रेष्ठ | पाँचगाछी-१ | १५४८ | ०-०-१० | सुधन लाल ताजपुरिया<br>सुधन ताजपुरिया |
| बमबहादुर श्रेष्ठ | पाँचगाछी-६ | १०८८ | ०-७-० | चेत लाल ताजपुरिया/च्यारो ताजपुरिया |


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा


## गैर बैंकिङ सम्पत्ति बिक्रीबारे ३५ दिने शिलबन्दी बोलपत्र आह्वान

*प्रथमपटक प्रकाशित मिति: २०७६/१०/१३*

यस संस्थाको नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित गैर बैंकिङ सम्पत्ति जहाँ जे-जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ, उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ-संस्थाहरुले निम्नलिखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेस गर्नहुन आह्वान गरिन्छ ।

**गैर बैंकिङ सम्पत्तिको विवरण**

| क्र.स. | जग्गाको ठेगाना | कित्ता न. | क्षेत्रफल | न्यूनतम मूल्याङ्कन |
|---|---|---|---|---|
| १. | बाहुनडाँगी ४ग | ३५५०, ३५५२, ३९६५, ३९६७ | ०-०-५, ०-०-१८, ०-०-५, ०-०-५ | ११,५५,००० |
| २. | पृथ्वीनगर ५, | ५८३, | ३३७.७४ व.मि. | ४,००,००० |
| ३. | महेशपुर ३ख | ११०१ | ०-१८-२.५ | ५,००,००० |
| ४. | कोराबारी-१, झापा | १०२९ | ०-१-१५ | २,५०,००० |
| ५. | चारपाने-९ | १०५५ | ०-०-१० | १,६०,००० |
| ६. | गरमनी-१ ख | १०५९,१०६६,१०७२ | ०-४-५, ०-१-०, ०-२-१७ | ९,५०,००० |
| ७. | भद्रपुर-१५ | २५२ | १३४.८३ व.मि. | ३,००,००० |
| ८. | भद्रपुर-९ | ८६ | ८५ व.मि. | ५,००,००० |
| ९. | मेचीनगर न.पा.-१२ | ७८ | १२५ व.मि. | ९,१०,००० |
| १० | नकलबन्दा-८/च | ९१९ | ०-०-१० | ३,५०,००० |
| ११ | हल्दिबारी-२/ख | १५३२ | ०-८-० | १,००,००० |
| १२ | चकचकी-७ | २४१ | १-९-० | २,४१,५०० |
| १३ | शनिश्चरे-८ | ६२३५, ६२३७ | ०-०-२.७५, ०-०-५.२५ | ४,८०,००० |
| १४ | डाँगीबारी-६ | ६११, ६१५ | ०-४-१०, ०-१-१० | ३,५०,००० |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) बोलपत्र सम्बन्धी शर्त बन्देजसहितको बोलपत्र फारम संस्थाको कर्जा विभागबाट रु. ५००/(पाँच सय) तिरी प्राप्त गर्न सकिनेछ ।
२) बोलपत्रका साथ खरिदका लागि उल्लेख गरिने रकमको ५ प्रतिशतका दरले हुन आउने रकम धरौटी बापत जम्मा गर्नुपर्नेछ । जम्मा गर्नुपर्ने खाता नः ९९-५८-००००००२१, खाताको नाम : एनएमसी प्रधान कार्यालय
३) प्राप्त बोलपत्र स्वीकार गर्ने/नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।
४) बोलपत्र पेस गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १ बजे (उक्त दिन सार्वजनिक बिदा वा साप्ताहिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा) यस संस्थाको प्रधान कार्यालय काँकरभिट्टामा बोलपत्र खोलिने जानकारी गराइन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
६) थप जानकारीका लागि सम्पर्क नं : ९८५२६८९४१९ (कर्जा विभाग)

**- कर्पोरेट कार्यालय**


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०७०८७०/ ०२३-५४४३४४ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८४२६४६००५


# माइक्रोबस दुर्घटनामा मृत्यु

**झापा, माघ १२।** झापाबाट काठमाडौँ जाँदै गरेको बा४ख ६९६ नंको माइक्रोबस वीपी राजमार्ग अन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका-२ भद्रकाली ढुङ्गेभञ्ज्याङमा दुर्घटना हुँदा एकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी नायबउपरीक्षक श्यामबहादुर खत्रीले काठमाडौं महानगरपालिका-११ गङ्गाघर निवासी ३८ वर्षीय मोहन मर्हजनको सो दुर्घटनामा मृत्यु भएको जानकारी दिए ।

दुर्घटनामा घाइते भएका २० यात्रुको सिन्धुलीको विभिन्न अस्पतालमा उपचार भैराखेको र मृत्यु कार्की सो बसका सवारीधनी साथै चालक रहेका उनले बताए ।


## चलिरहेको Conhulpancy बिक्रीमा

Sanischare Road
Near Everest Bank
Contact : 9852641165
9803441165

*नोटः फाइनान्स सहकारी मेनपावर इन्स्टिच्युटका लागि उपयुक्त छ ।*


## राहदानी हरायो

काठमाडौंबाट बिर्तामोड आउने क्रममा यही मिति २०७६।०९।०४ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नामः-** फूलचल मडि
**ठेगानाः-** अनारमनी-७, झापा
**हालको ठेगानाः** बिर्तामोड नपा-३
**राहदानी नं.:-** ०६४०१४८८
**फोन नं.:** ९८१७०१३२२३


FREE VISA !! FREE TICKET !! FREE VISA !! FREE TICKET
VISA WITH IN 15 DAYS

UAE मा महिला तथा पुरुषलाई रोजगारीको अवसर
Transguard Group LLC
२०७६/०१/१२, २०७६/०२/०९ | ६०१३९५११, ६०१४०४१३ | LT. No: 214650, 219864, 220749

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | योग्यता | मासिक तलब AED | ने.रू. |
|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | | 1920 | ५८,८३० |
| 2 | Waiter | 50 | 0 | | 1000 | ३१,९८१ |
| 3 | Aircraft Cleaner/ General Cleaner | 50 | 44 | | 950 | २८,९४१ |
| 4 | Public Area Cleaner | 50 | 0 | | 800 | २५,९८५ |
| 5 | Housekeeper/Kitchen Steward | 50 | 25 | | 900 | २८,४४६ |
| 6 | Airport Loder | 60 | 0 | | 1025 | ३१९६० |
| 7 | Serco- Housekeeper | 50 | | | 1100 | ३४२९९ |
| 8 | Special Handing Agent | 50 | | | 1025 | ३१९६० |

प्रि-अन्तरवार्ता: धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ माघ १४ गते (28th Jan 2020) मोक्ष होटल बिर्तामोड मा हुनेछ ।
नोट: Security Guard को Salary (AED 1920) भएता पनि Allowance र OT सहित १२ घण्टा २६ दिन को 2270 हुनेछ । Security Guard को लागि अनिवार्य S.L.C PASS हुनु पर्ने छ।
: उमेर २२ देखि ४० सम्म

कतारमा रोजगार
WEQAYA SECURITY SERVICES GROUP, DOHA
पूर्व स्विकृति मिति: २०७४।९।१३ चलानी नं. ६०१२३०९१ LT No. 219155
पून: स्विकृति मिति: २०७६।१०।८ चलानी नं. ६८३ पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | काममा दक्ष | 1500 | 45000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | ० |

अन्तरवार्ता गरिने स्थान र ठेगाना: २०७६/१०/१७ गते होटल मोक्ष, बिर्तामोडमा हुनेछ।
: उमेर २२ देखि ४४ सम्म
: उचाइ- अंग्रेजि भाषा राम्रो बोल्न र लेख्न सक्नेहरु ५ फिट ५ इन्च पनि लिइने छ ।

साथै : मलेसियाको एक पतिष्ठित TMG सपरमार्केटबाट General Workers-100. Salary-1650 को माग भइ आएको र यसको फाइनल अन्तरवार्ता कम्पनिको पतिनिधिबाट २०७६ माघ २३ गते (6th Feb 2020) मोक्ष होटल बिर्तामोड मा भइरहेको जानकारि गराउद छौं ।
: उमेर १८ देखि ४८ बर्ष सम्म

मोन्टेज ओभरसिज प्रा. लि.
कलंकी काठमाडौं नेपाल
फोन : 9803672294, 9803572294, 9825939750, 9813672294
9817920206, 9803072294, 9852672294



## कतारमा वैदेशिक रोजगारको अवसर

कतारको एक प्रतिष्ठित Danem Heavy Industries WLL कम्पनीबाट निम्न नेपाली कामदारको माग भई आएकाले जान इच्छुकले सक्कल राहदानी पासपोर्ट साइजको फोटो तथा अनुभवको प्रमाणपत्र सहित यथाशिघ्र सम्पर्क गर्नुहोला ।

पून स्वीकृति मिति : २०७६/०९/२९ लट नं. २२५०६२ चलानी नं. ६०१४४३८७

| कामदारको पद | माग | तलब | काम | खान/बस्न | करार |
|---|---|---|---|---|---|
| Heavy Driver (Qatar License) | २० | २७५० | १२ घण्टा २६ दिन | छैन/छ | २ बर्ष |
| Light Driver (Qatar License) | १० | १९५० | | | |
| Store Keeper | १० | १२५० | ८ घण्टा ३० दिन | | |
| Scaffolder | ६० | १२५० | | | |
| Scaffolding Chargehand | २४ | १५०० | | | |
| Scaffolding Supervisor | १० | अनुभवको आधारमा | | | |
| Helper | ४० | १००० | | | |
| Civil Engineer | १० | ३५०० | | | |
| Tig & Arc Welder | २० | १६५० | | | |
| Industrial Spray Painter | १५ | १२५० | | | |
| Fire Watcher | २५ | ११०० | | | |
| Sand Blaster | १५ | १२५० | | | |
| Safety Officer | १२ | २००० | | | |

Scaffolder समूह लागि अनुभवको प्रमाणपत्र अनिवार्य ल्याउनु पर्नेछ ।

फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट माघ १६ गते विहिबार बिर्तामोडमा हुनेछ ।

Panda Human Resoure Pvt. Ltd.
Sukedhara, Kathmandu
Contact No. 9802752707, 9842652707, 9803440384

# पूर्व प्रहरी संगठनको छैठौं सभा



**बिर्तामोड, माघ १२।** नेपाल पूर्व प्रहरी संगठन नगर समिति बिर्तामोडको छैंठौ बार्षिक साधारण सभा सम्पन्न भएको छ ।

नेपाल पूर्व प्रहरी संगठन नगर समिति बिर्तामोडका अध्यक्ष मोहनविक्रम मल्लको अध्यक्षता तथा इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोडका डिएसपी मुकुन्दप्रसाद रिजालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल पूर्व प्रहरी संगठन प्रदेश नं. १ का सचिव देवीभक्त आचार्यले गरेका थिए ।

कार्यक्रममा नेपाल पूर्व प्रहरी संगठनका केन्द्रीय सदस्य इन्द्रप्रसाद ओली, नेपाल पूर्व प्रहरी संगठन प्रदेश नं. १ का अध्यक्ष बाबुराम श्रेष्ठ, नेपाल पूर्व प्रहरी संगठन झापाका अध्यक्ष खेमराज कार्की, पूर्व अध्यक्ष प्रेमबहादुर लामा, कचनकबल गाउँसमितिका अध्यक्ष देउमान बुढाथोकी लगायतले शुभकामना दिएका थिए ।

कार्यक्रममा ८५ वर्षीय पूर्व प्रहरी जवान विष्णुकुमार प्रसाईलाई सम्मान गरिएको थियो । सोही कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोडमा भर्खरै सरुवा भएर आएका डिएसपी मुकुन्दप्रसाद रिजाललाई स्वागत गरिएको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल पूर्व प्रहरी संगठन नगर समिति बिर्तामोडका सदस्य विजय बस्नेतले गरेका थिए ।

# 'पहिचान भए मानसिक समस्या कम हुने'

**झापा, माघ १२।** समयमै मानसिक रोगको उपचार भएमा सार्थक जीवन बिताउनसक्ने मनोविद्हरुको जनाएका छन् ।

बङ्गलादेशको राजशाहीमा भएको 'विकासात्मक अपाङ्गता' सम्बन्धी सातौं अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी विज्ञ तथा मनोविदले सो कुरा औल्याउँदै मानसिक स्वास्थ्य सम्बन्धीको विषयलाई बेवास्ता नगरी प्रभावकारीरूपमा लैजानुपर्नेमा जोड दिएका छन् ।

मनोचिकित्सक, मनोविद, विज्ञ तथा मनोविज्ञानको क्षेत्रमा काम गरिरहेका व्यक्ति र अध्ययनकर्ताले हरेक देशमा समस्याको पहिचान गरी सोही आधारमा उपचारात्मक पद्धति अपनाउनु आग्रह समेत गरेका छन् । सम्मेलनमा नेपाली प्रतिनिधिले प्रस्तुत गरेको कार्यपत्रले समेत समस्याको पहिचान गरी समाधानका उपाय खोज्नुपर्ने विषयलाई जोड दिएको छ । समयमै पहिचान गर्न सके अपाङ्गता भएका व्यक्तिहरुले सार्थक जीवन जीउनसक्ने विज्ञ, मनोविद तथा मनोविमर्शकर्ताको भनाइ छ । 'दक्षिण एशियामा अपाङ्गता र सांस्कृतिक लचकताको अवस्था'को विषयमा कार्यपत्र प्रस्तुत गर्दै द स्कूल अफ साइकोलोजी नेपालका संस्थापक अध्यक्ष पदमराज जोशीले नेपालमा भएको असल अभ्यास र चुनौतिका विषयमा जानकारी गराएका थिए ।

त्रिभुवन विश्वविद्यालयको मनोविज्ञान केन्द्रीय विभागका उपप्राध्यापक खेमराज भट्टले परीक्षाको चिन्ताले जिपिएमा नकारातमक असर पर्ने देखिएको भन्दै यसतर्फ सतर्क हुने बेला आएको औँल्याए । 'निजी विद्यालयका विद्यार्थीमा परीक्षासम्बन्धी चिन्ता र शैक्षिक उपलब्धि', विषयक कार्यपत्र प्रस्तुत गर्दै उनले भक्तपुरमा सातदेखि १० कक्षाका विद्यार्थीसँग गरिएको अध्ययनमा यस्तो पाइएको बताए । भक्तपुरको चार सय ४५ विद्यार्थीमा उक्त अध्ययन गरिएको थियो ।

त्यस्तै प्राध्यापक डा. उषाकिरण सुब्बाले नेपालमा ज्येष्ठ नागरिकमा देखिएको उदासिनताको अवस्थाको विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । उनले अध्ययनका क्रममा एक्लोपनाको सोचाइ आउनु, परिवारको प्रिय व्यक्ति गुम्नु, मृत्युको भय हुनु जस्ताकारणहरुले ज्येष्ठ नागरिकमा उदासिन (डिप्रेसन) हुने गरेको पाइएको बताए ।

द स्कूल अफ साइकोलोजी नेपालका अध्यक्ष मनोविद डा. नरेन्द्रसिंह ठगुन्नाले 'दक्षिण एशियामा अपाङ्गता र आत्महत्या रोकथामको अभ्यास'को विषयमा कार्यपत्र प्रस्तुत गर्दै उनीहरुको समस्या बेलैमा पहिचान गर्न सके आत्महत्याबाट जोगाउन सकिने बताए । उनले विश्वभरिका अपाङ्गता भएका व्यक्तिमा देखिएको मानसिक स्वास्थ्य समस्या जस्तै दक्षिण एशियामा पनि सामान्य मानिसभन्दा अपाङ्गता भएका व्यक्तिमा मानसिक समस्या बढिरहेको बताए ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा कूल जनसंख्याको १५ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन् । नेपालमा कूल जनसंख्यामा १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेको तथ्याङ्क छ । सैनिक आवासीय महाविद्यालय चितवनका शैक्षिक संयोजक गोपीलाल श्रेष्ठले मानसिकरूपमा विशेष क्षमता भएका बालबालिकाको क्षमता पहिचान गर्न सोही बमोजिम शिक्षक, अभिभावक र विद्यालयले आवश्यक आधारभूत तयारी गर्नुपर्ने आवश्यकता रहेको बताए । सामाजिक वैयक्तिक विकासका लागि सहकार्य (सिभ्यूस इन्टरनेशनल)को आयोजनामा उक्त सम्मेलन भएको थियो ।

विश्वव्यापीरूपमा अपाङ्गता भएका व्यक्तिको मानसिक स्वास्थ्यसँगै उनीहरुको गुणस्तरीय जीवन निर्माण गरी मानवअधिकार संरक्षणको विषयमा संस्थाको ध्यान रहेको सिभ्यूस इन्टरनेशनलका अन्तर्राष्ट्रिय अध्यक्ष डा. काट्सुहिरो यामासिताले बताए । उपाध्यक्ष प्रा. डा. एन्टोनियो पिन्टो मोटेरियोले सिभ्युसले अवलम्बन गरेको कार्यपद्धति वर्तमान समयमा उपयोगी रहेको जानकारी दिए ।

सम्मेलनमा छ मुख्य विषयमा विभिन्न विज्ञ तथा प्राध्यापकले ६० कार्यपत्र प्रस्तुत थिए । सम्मेलनमा 'ज्येष्ठ नागरिकमा देखिने बिर्सने समस्या' (डिमेन्सिया), 'आत्महत्या रोकथाम', 'मनोविज्ञानको ऐतिहासिक विकासक्रम र बङ्गलादेशको वर्तमान अवस्था', 'अटिजम्को समस्या भएका बालबालिकाको हेरचाह गर्दा हुने तनाव व्यवस्थापन', 'डाइलेक्टिक विहेवियर थेरापी' र 'बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि व्यावसायिक सीप र सामाजिक सहभागिता' सम्बन्धी मुख्य विषयमा छलफल भएको थियो ।

# ७० किलो सुर्ती बरामद

**झापा, माघ १२।** गौरीगञ्जबाट प्रहरीले ठूलो परिणाममा सुर्ती बरामद गरेको छ । गेउरिया पुल नजिकै साइकलमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको ७० किलो अवैध सुर्ती बरामद गरिएको इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक गणेश भट्टराईले बताए ।

गौरीगञ्ज, कोरोबारी, कुञ्जीबारी, महाभारा, शिवगञ्ज, झापा बजार लगायत जिल्लाका पश्चिम दक्षिण भारतीय नाकासँग जोडिने क्षेत्रमा भारतबाट अवैध रुपमा भारी मात्रामा सुर्तीको ओसारपसार हुने गरेको सूचनाका आधारमा प्रहरीले सीमावर्ती क्षेत्रमा कडाइ गरिएको प्रहरी निरीक्षक भट्टराईले बताए । बरामद गरिएको सुर्ती छोटी भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

# मोटरसाइकल चालकको मृत्यु

**झापा, माघ १२।** मोरङ उर्लाबारी-९ का ३१ बर्षीय धिरेन तामाङको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको छ ।

दमक नयलबारीस्थित भित्री सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको को ३५ प १०५५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक तामाङको मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

# तेराख प्रतिष्ठानको नेतृत्व चयन



**बिर्तामोड, माघ १२।** साहित्यकार तेराख प्रतिष्ठान मेचीनगर- ९ धुलाबारीको अध्यक्षमा शिवकुमार पौडेल चयन भएका छन् ।

प्रतिष्ठानको प्रथम साधारण सभाले पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष दुर्गा भुर्तेल खतिवडा, सचिव विनोद खनाल, सहसचिव घनश्याम घिमिरे, कोषाध्यक्ष लेखनाथ खतिवडा रहेका छन् । त्यस्तै सदस्यहरुमा कृष्ण सुवेदी निराकार, जयप्रसाद भण्डारी, मुनामाया राना, महेन्द्रविलास लुईटेल र सुरेश खतिवडा रहेका छन् ।

प्रतिष्ठानका तदर्थ समितिका अध्यक्ष शिवकुमार पौडेलको अध्यक्षता तथा सहकारी अभियन्ता हरिचरण बानियाँको प्रमुख आतिथ्य र प्रतिष्ठानका संस्थापक संरक्षक तेजराज खतिवडा (तेराख)को विशेष आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा वार्षिक प्रतिवेदन अध्यक्ष पौडेलले र लेखापरीक्षण प्रतिवेदन सचिव विनोद खनालले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा इन्द्रेणी साहित्य समाजकी उपाध्यक्ष मुनामाया राना, डाईनामिक ग्रुप नेपाल भद्रपुरकी अध्यक्ष खगिन्द्रा खुसी, साहित्य चौतारी झापाका अध्यक्ष टङ्क विकल्प र प्राध्यापक तारा विविधले शुभकामना मन्तव्य राखेका थिए ।

प्रतिष्ठानका संस्थापक संरक्षक तेराखले स्वागत तथा प्रतिष्ठानको औचित्यबारेमा प्रकाश पारेको कार्यक्रमको सञ्चालन सचिव विनोद खनालले गरेको साहित्यकार देवीचरण भण्डारीले जानकारी दिए ।

# सिर्जनशील समाजको सभा

**बिर्तामोड, माघ १२।** सिर्जनशील सेवा समाज बिर्तामोड-१० चमरधापको आठौं वार्षिक साधरणसभा सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाको भवनको उद्घाटन गरिएको थियो । भवनको उद्घाटन बिर्तामोड नगरपालिका-१० का वडाध्यक्ष दुर्योधन गुरुङले गरेका थिए । सांसद विकास कोषबाट तीन लाख, वडा कार्यालयको एक लाख ५० हजार, विभिन्न समयमा समाजले देउसीभैलो खेलेर दानभेटीद्वारा संकलन गरेको रकम तथा समाजका विभिन्न चन्दादाताबाट प्राप्त आर्थिक सहयोग गरी करिब १९ लाखको लागतमा भवन निर्माण गरिएको बताइएको छ ।

जग्गादाता रामप्रकाश-हरिमाया राई तथा बालकुमार-देवमाया गुरुङ राईले प्रदान गरेको पाँच-पाँच धुर गरी दश धुर जग्गामा तीन वर्षअघि भवन निर्माण कार्यको शिलान्यास भई सभाहलसहित एकतले पक्की भवन बनेको हो। समाजका अध्यक्ष ज्ञानबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा ४० जना दाताहरुलाई खादा र कदरपत्रले सम्मान गरिएको थियो ।

यसरी सम्मानित हुनेहरुमा जग्गादाता रामप्रकाश-हरिमाया राई, बालकुमार-देवमाया राई, लक्ष्मी राई, धनबहादुर राई, सोमबहादुर बस्नेत, वीरेन गुरुङ, स्व.मेजर रणबहादुर गुरुङ (मरणोपरान्त), चन्द्रबहादुर गुरुङ, ज्ञानबहादुर गुरुङ, प्रदीप गुरुङ, दलबहादुर गुरुङ, कृष्णबहादुर गुरुङ, नानुका-विकास देवान, प्रदीपकुमार गुरुङ, दीपक-एलिना गुरुङ, दुर्योधन गुरुङ, सोम तुम्रोक, सविना थपलिया राई, केशवराज भण्डारी, रत्नबहादु-लक्ष्मीमाया गुरुङ लगायत रहेका छन् ।

कार्यक्रममा सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्ञानबहादुर गुरुङले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा बसन्त वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रुपनारायण मुखिया, सैनिक सेवा समाजकी अध्यक्ष मनु मुखिया, विशाल कृषि सहकारीका उपाध्यक्ष खेमराज राई, शिक्षासेवी मखनबहादुर गुरुङ, याक्खा छुम्माका जिल्ला उपाध्यक्ष टेकबहादुर देवान लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

यसैबीच, बसन्ती गुरुङको अध्यक्षतामा साधरणसभाले नयाँ कार्यसमिति चयन गरेको छ । दुई वर्ष कार्यकालका लागि गठित समितिको उपाध्यक्षमा रमिला राई, सचिवमा चन्द्रबहादुर गुरुङ, सहसचिवम् खड्गबहादुर गुरुङ र कोषाध्यक्ष छविकला गुरुङ रहेका छन् । त्यसैगरी सदस्यहरुमा रणमाया तुम्रोक, गीता गुरुङ, फूलमाया राई, एमबी गुरुङ, पदमसिंह तामाङ, कल्पना कदङ्वा रहेका छन् ।

संस्थाका सदस्य सन्तोषकुमार राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव चन्द्रबहादुर गुरुङ र पृथ्वी बस्नेतले गरेका थिए ।

# संग्रौला बन्धु संगठित



**बिर्तामोड, माघ १२।** संग्रौला वंश समन्वय तथा समाज कल्याण समिति क्षेत्र नं. ५ को अध्यक्षमा पशुपति संग्रौला चयन भएका छन् ।

संस्थाको अधिवेशनले संग्रौलाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष मेनुका संग्रौला, सचिव माइनस प्लस संग्रौला, सह-सचिव छविलाल संग्रौला, कोषाध्यक्ष रुद्र संग्रौला रहेका छन् । त्यस्तै सदस्यहरुमा कमल संग्रौला, डिल्लीराम संग्रौला, भजन संग्रौला, हरि संग्रौला रहेका छन् ।

संस्थाका अध्यक्ष पशुपति संग्रौलाको अध्यक्षता तथा संग्रौला बंश समन्वय तथा समाज कल्याण समितिका केन्द्रीय अध्यक्ष दिलिप संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भजन संग्रौलाले स्वागत गरेका थिए ।

कार्यक्रममा संग्रौला वंश समन्वय तथा समाज कल्याण समितिका केन्द्रीय उपाध्यक्ष हरि संग्रौला, केन्द्रीय कोषाध्यक्ष तथा बिर्तामोड- ४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला, क्षेत्र नम्बर ५ का सल्लाहकार संयोजक तथा बिर्तामोड-२ का वडाध्यक्ष नगेन्द्र संग्रौला लगायतले शुभकामना दिएका थिए ।

संस्थाका अध्यक्ष पशुपति संग्रौलाले वार्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको औचित्य माथि सचिव माइनस प्लस संग्रौलाले प्रकाश पारेका थिए । कार्यक्रमको सञ्चालन सह-सचिव रुद्र संग्रौलाले गरेका थिए ।

# विपिनको चर्चा चुलियो



सिंगो फिल्म आफ्नो काँधमा बोकेर हिंड्न सक्ने अभिनेता हुन्- विपिन कार्की । फिल्म 'पशुपति प्रसाद' मा 'भष्मे डन' को भूमिका निर्वाह गरेपछि एकाएक लाइमलाइटमा आएका उनी अहिलेका सर्वाधिक डिमान्डेड र व्यस्त अभिनेतामध्ये एक हुन् । जुनसुकै प्रकारका भूमिकामा जीवन्त अभिनय गर्न सक्ने खुबी भएका उनको फिल्म पिच्छे भूमिका र गेटअप फरक-फरक हुने गरेको छ ।

फिल्मको हिरो हुन ६ फिट हाइट भएको ह्यान्डसम अनुहार, वजनदार आवाज र फिट बडी हुनुपर्ने मान्यता भत्काएका अभिनेता विपिन पछिल्लो समय हिरो अर्थात् हिरोइनसँग रोमान्स गर्दै देखिन थालेका छन् । तर, डनदेखि दलितसम्मको भूमिकामा आफूलाई फिट राखेका उनी पछिल्लो पटक फिल्म 'जात्रै जात्रा' मा देखिएका थिए । यो फिल्म हिट भएपछि उनको माग झनै चुलिएको छ । अभिनेता विपिनको नयाँ फिल्म 'सेल्फी किङ' यही माघ २४ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । अघिल्ला फिल्म झैँ उनी यसमा पनि भिन्न भूमिका र गेटअपमा देखिएका छन् ।

विशाल सापकोटा निर्देशित फिल्मको ट्रेलरमा विपिनले सेलिब्रेटीको स्टारडमलाई लिएर बोलेको एक संवाद अहिले हिट भइरहेको छ । ट्रेलरमा उनले भनेका छन्- 'यो मुला स्टारडम, सेलिब्रेटी, पपुलारिटी, फ्रेम भन्ने कुरा छ नी मुतको न्यानो जस्तो मात्र हो । एकछिन तातो हुन्छ मज्जा आउँछ । एकछिन पछि घिन लाग्न थाल्छ । गन्हाउँछ ।' धेरैले यो संवादलाई तीतो यथार्थ भनेका छन् ।

के अभिनेता विपिनलाई पनि स्टारडम भनेको मुतको न्यानो नै लाग्छ ? एक अन्तरवार्तामा उनले भनेका छन्- 'फिल्ममा त मैले लेखेको कुरा बोलेको हुँ । साँचो कुरा र मलाई लागेको कुरा मैले गर्ने फिल्ममा हुँदैनन् । मेरो विचारमा स्टारडम मुतको न्यानो भन्ने कुरा यथार्थ नै हो । स्टारडम एउटै विन्दूमा सधैं टिकिरहँदैन । तर, यो संवाद कसैलाई होच्याउनका लागि भनिएको चाहिँ होइन ।'

फिल्मको प्रसंग अनुसार यो संवाद राखिएको उनको भनाई छ । उनी सेलिब्रेटीको स्टारडम नटिक्नुको कारण मानिस अजम्बरी नहुनुलाई मान्छन् । उनी भन्छन्- 'मानिस जन्मिएपछि मर्नुपर्छ । संसारमा कोही अजम्बरी छैन । त्यसैले एउटा कुरा सधैं भइरहँदैन । कुनै कुराको शुरुवात हुन्छ भने त्यसको अन्त्य पनि हुन्छ । त्यही भएर स्टारडम सधैं एकै विन्दूमा रहँदैन । एकदिन ध्वस्त हुन्छ ।'

'प्रसाद' का निर्माता सुवास थापा र निर्देशक दिनेश राउतले निर्माण गरेको 'सेल्फी किङ' मा एक हास्यकलाकारको तीन दिनको कथा फिल्ममा उतारिएको छ । फिल्ममा विपिनसँगै लक्ष्मी बर्देवा, भुवन चन्द, अभय बराल, लोकमणि नेपाल, जीवन भट्राई लगायतका कलाकारले अभिनय गरेका छन् । फिल्ममा निर्देशक सापकोटाकै कथा भने सुशन प्रजापतिको छायांकन छ ।


## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

## पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत बिर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

केन्द्रीय कार्यालय बिर्तामोड–१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३–५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३–५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे–अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे ( ९८५२६५५२९१), घैलाडुब्बा–डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३–४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) ( ९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर–चन्द्रगढी–पृथ्वीनगरः पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई ( ९८१४०२६२०२), इलाम/भालुझोडा, कुटिडाँडा, कोल्बुङः गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल – यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम लक्ष्मीपुरः पुष्प आचार्य (मो.९८४२६६२०३६), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम – ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७–५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१–६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५–५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्बिसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)